**प्रदेश सभा**

**गण्डकी प्रदेश**

**सातौं अधिवेशन २०७७**

**(तेश्रो बैठक)**

**( मिति २०७७ साल चैत्र २७ गते, विहान ११.२५ वजे)**

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवशनको आजको वैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा विहान ११ वजेर २५ मिनेटमा प्रारम्भ भयो ।

<u>**बैठकको काम कार्यवाहीको सम्पूर्ण विवरण**</u>

**माननीय सभामुखः** माननीय सदस्यहरु आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ।

सर्वप्रथम शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहने माननीय सदस्यहरुको लागी एक मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय चन्द्रमोहन गौचन, मुस्ताङ ।

**माननीय सदस्य श्री चन्द्रमोहन गौचन**

माननीय सभामुखज्यू, आज हामी निकै लामो समयको बावजुद वर्षे अधिवेशनमा सहभागी हुन गैरहेका छौं । सभामुख महोदय कोभिड १९ को तहल्का अझ रोकिएको छैन यो महामारी परिमार्जित भएर दोश्रो तेश्रो लहर बनेर मानव समुदायलाई त्राहीमाम बनाइरहेको छ। एक्काइसौं शताव्दिको विज्ञान र प्रविधिले पनि यसको मुकाविला गर्न सकेको छैन। खोप निर्माण भएर लगाउने क्रम शुरु भए पनि यसको प्रभावकारिकता र खोप लगाएपछि हुने संक्रमणबारे निर्कयोल अझ भै सकेको छैन। हामीले लामो लकडाउन व्यहोरेका नेपालीहरु विस्तारै जीवनको लयमा फर्किदै छन्। जनजीवन सामान्य हुने दिशामा जांदैछ। पछिल्लो समय फेरी खतराको घण्टी वजिरहेको छ। छिमेकी भारत, युरोप, अमेरिकामा मात्र नभै नेपालमै पनि संक्रमणको दर बढिरहेको छ। एकातिर संक्रमण बढिरहेको छ भने अर्कोतिर हामी वेपर्वाहा लापर्वाही पूर्ण जीवनशैली अंगाल्दै छौं । यसले हामीलाई

महामारीको विषम परिस्थितिको सम्मुख लैजानसक्छ । सभामुख महोदय अहिले नेपालले २ सातादेखि संक्रमणको दोश्रो लहरको सामना गरिरहेका छ । परिक्षण गरिएका मध्ये ५ प्रतिशत भन्दा बढि संक्रमित भेटिएका छन । सभामुख महोदय अत्यन्त भिडभाड हुने र जोखिमयुक्त क्षेत्र पहिचान गरी त्यहां सतर्कता अपनाउन जरुरी छ। पछिल्लो समय विद्यालय लगायत राजनीतिक दल (सभामुख माननीयज्यू समय सिद्धियो) धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्य श्री चिन्त बहादुर घले मनाङ ।

## माननीय सदस्य श्री चिन्त बहादुर घले

माननीय सभामुख महोदय मनाङ जिल्लाको फोजे लार्के हुंदै सिमाना जोडने मनाङ जिल्लाको नासो गाउंपालिका वाड नं. ५ र वाड नं. ३ मोटरेबल पुल २०७३ साल असार २० गते सम्झौता गरेको र ७४ साउन २३ गते भित्र सक्नु पर्नेमा अहिले सम्म सकिएको छैन र जीपमात्रै उठाएको छ। पटकपटक म्याद ३ पटक थप भैसक्यो असार सम्म म्याद छ र त्यसो भएर अस्ति हाम्रो गाउंपालिका र वडाको सदस्य सिफारिस लिएर जिल्ला प्रशासन कार्यालयमा पनि बुझायो र भौतिक मामिलाले हामीले बुझाउन आयो त्यो कागज र त्यसमा के भैराछ मन्त्रीज्यू र ३६ वटा निर्वाचन क्षेत्रमा सवै ठाउंमा बहुवर्षिय योजना भैसकेछ मेरो क्षेत्रमा हुन बहुवर्षिय योजना ठेक्का भएको छैन हिजो मैले मन्त्रीजीसंग आग्रह गरें यो बहुवर्षिय ठेक्का गरिदिनु पर्यो सभामुख मार्फत मन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

**माननीय सभामुखः** माननीय सदस्यहरु शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ । माननीय सदस्यहरु अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाइ राख्न हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री दोवाटे विश्वकर्मा, समय १० मिनेट ।

## माननीय सदस्य श्री दोवाटे विश्वकर्मा

माननीय सभामुखज्यू, सर्वप्रथमत सातौं गण्डकी प्रदेशको सातौं अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। तनहुं जिल्लाको देवघाट गाउं पालिका र चितवन जिल्ला जोडने त्रिशुली नदीमा निर्माणाधिन मोटरेवल पुल २०७७ साल चैत्र २३ गते राती ठेकदारको लापरवाहीले गर्दा त्यो भासिन पुगेको छ। हुनत त्यो संघीय सरकारको मातहतमा

पर्छ तैपनि हाम्रो गण्डकी प्रदेशको त्यसमा जिम्मेवारी हुने भएको कारणले गर्दाखेरीमा त्यो पुलको ठेकदारको लापरवाहीको कारणले त्यो पुल पूर्ण क्षति भएको अवस्था छ त्यसले गर्दाखेरिमा पूर्ण त्यो अनुगमन र त्यसको ठेकदारलाई कारवाही गर्नपर्ने कि त्यसको गर्नु पर्ने हो तुरुन्त त्यसको संघीय सरकारको समन्वय गरेर त्यो पुल निर्माणलाई तुरुन्त समन्वय गर्नु पर्यो भन्नी कुराहरु म राख्न चाहन्छु। माननीय सभामुखज्यू विशेष गरेर २०७७ साल चैत २५ गते सदनमा माननीय मुख्यमन्त्रीज्यूले जे कुराहरु राखु भाको छ लोकतन्त्र सुशासन र विधिको कुराहरु राखु भाको छ र यो देशमा हाम्रो पार्टि मात्रै गाइको दुधले नुहाएको पार्टी हो अरु पार्टि नेपाली कांग्रेस लगायत अरु पार्टि भनेका कुनै अर्थ छैन भन्नी खालको ढङ्गले जे कुराहरु माननीय मुख्यमन्त्रीज्यूले आको छ । एउटा प्रदेशको अभिभावक जिम्मेवारी व्यक्तिले त्यस्ता खालका कुरा गर्दा कति न्यायोचित छ भन्ने कुरालाई पनि राम्रोसंग ख्याल गर्नु पर्छ भन्ने कुराहरु राख्न चाहन्छु र जबसम्म लोकतन्त्र र शुसासनको कुराहरु गर्दै जांदा संविधानले प्रत्याभूति गरेको मान्छेको हिंडडुल गर्न पाउने स्वतन्त्र र भेला सभा समारोह राख्न पाउने त्यो नैसर्गिक अधिकार हो तर केही कुरा म थोरै कुराहरु राख्छु। तीन चार महिना अगाडि कुरा हो त्यो कुराहरु म यहां राख्न चाहन्छु। माननीय सभामुखज्यू, तर यो सरकारको ज्यादती र अधिनायकवादीतिर जान खोजेको होकी जस्तो मलाई लागेको छ । किनभने मैले यहां स्मरण गराउन चाहन्छु २०७७ साल मार्ग २७ गते तनहुं जिल्लाको बुल्दी खोलामा पर्ने पुलको उदघाट्न गर्ने सन्दर्भमा संघीय सरकार, प्रदेश सरकारको मिलेमतो र छलफल अनुसार यो देशको पूर्व सभामुख नेपाली कांग्रेसका बरिष्ट नेता रामचन्द्र पौडेलजीले उदघाटन गर्ने सन्दर्भमा त्यहां जसरी निषेधाज्ञा जारी गरियो र त्यहां जान रोक लगाइयो र पुल उदघाट्न गर्न रोक लगाइयो र पुर्वाधार मन्त्रालय हाम्रो गण्डकी प्रदेश पूर्वाधार मन्त्रालयबाट भौतिक योजना पूर्वाधार मन्त्रालयबाट त्यहां तनहुंको पूर्वाधार कार्यालयलाई पत्र लेख्न लाएर समितिले निर्णय गरेर उपभोक्ता समितिलाई पत्र लेख्न लाएर समितिलाई कार्वाही गर्छु भन्नी सम्मको अवस्था सिर्जना भयो र त्यहां हाम्रा पुरा प्रशासनको सक्रियतामा प्रशासनलाई आदेश गरेर त्यहां त्यो पुल उदघाटन रोक्ने र एउटा ७५/७६ वर्षको एउटा वरिष्ट बृद्धलाई लछार पछार गरेर ६ घण्टासम्म हिरासतमा राख्ने काम त्यहां जानको लागी निषेध गर्ने कामहरु भए र हामी तमाम कार्यकर्ता दर्जनौं कार्यकर्तालाई कुटपिट लछारपछार गरेर हामीलाई हिरासतमा राख्ने कामहरु भयो।

त्यसकारणले यो सुशासन र लोकतन्त्रको अव यो सरकारको यही हो की लोकतन्त्र भन्या कस्तो हुन्छ यो कुराहरु म यहां राख्न चाहे। वास्तवमा यो जसरी आज लोकतन्त्रको कुरा गर्नी, प्रजातन्त्रको कुरा गर्नी, समाजवादको कुरा गर्नी तर मान्छेलाई हिंडडुल गर्नै रोक लगाउनी खालको वातावरणले यो देशमा कस्तो खालको सुशासन कस्तो खालको लोकतन्त्र स्थापना गर्न खोजिएको भन्नी कुराले जनताको सामुन्नेमा स्पष्ट भैसकेको छ भन्ने मलाई लाग्दछ र यस्तो खालका घटनाहरु आगामी दिनमा नघटोस् भन्नको लागी पनि वर्तमान सरकारलाई आग्रह गर्न चाहन्छु र यसको हाम्रो पार्टिको तर्फबाट घोर भर्सना र आपत्ति प्रकट गर्न चाहन्छु।

माननीय सभामुख, महोदय भष्टाचार र सुशासनका कुराहरु गरिएको छ। हाम्रो पार्टि भ्रष्टाचार गर्दैन। हाम्रो सम्माननीय प्रधानमन्त्रीले भ्रष्टाचार गर्न पनि दिन्न गर्दिन पनि भनेर प्रतिवद्धता व्यक्त गर्नु भएको छ। यहां भ्रष्टाचारको कुरा त उठ्यो नेपाली कांग्रेसका मान्छेहरु भष्टाचार गरेर जेल परे हाम्रो मान्छेहरु भ्रष्टाचार गरेका छैनन भन्ने खालको कुराहरु गर्नु हुन्छ। एउटै कुरा फरक छ। हाम्रो पार्टिले जस्ले भ्रष्टाचार गरेको छ त्यलाई जेल हाल्नु पर्छ कारवाही गर्नु पर्छ भन्ने कुराहरु उठिराखेको छ भने अहिले बर्तमान सरकारका प्रधानमन्त्रीज्यूले जसले भ्रष्टाचार गरेको छ तेलाई ढाकछोप र तेलाई आफुले संरक्षण गरेका कारणले यी कार्वाहीमा नपरेका हुन त भन्ने कुरा आग्रह गर्न चाहन्छु। त्यसैगरी जसरी यो सेक्रिटि प्रिन्टिङ्ग मसिन खरिद गर्नका लागी जसरी अहिले ओम्नीलाई दिएको छ उसले कोभिडको सामान जुन वेलामा खरिद गरेको थियो त्यो वेलामा पनि त्यो संस्था भ्रष्टाचारमा जोडिएको संस्थालाई विना प्रतिष्पर्धा टेण्डर रुपबाट जसरी त्यो दिएको छ यो पनि भ्रष्टाचारलाई संरक्षण गर्न दिएको भन्ने कुरा स्पष्ट हुन्छ भन्ने कुरा मलाई लाग्दछ र अर्को कुरा माननीय सभामुखज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूले जसरी संसद विघटन गरेर देश जलिरहेको अवस्था थियो र सम्माननीय प्रधानमन्त्रीज्यू देश जलिरहंदाखेरिमा बांसुरी वजाएर बसिरहेको अवस्था थियो। तर सम्पूर्ण सरकारको पार्टी र वहांका नेता र कार्यकर्ता त्यही तालमा रमाएर नाचिरहेको अवस्था थियो। त्यसले गर्दाखेरिमा कानून र शासनको विधिलाई यो पार्टी र यो सरकारले कसरी सम्बोधन गर्याछ भन्ने कुरा स्पष्ट हुन्छ। त्यसकारणले पहिला आर्कालाई औंल्याउंन भन्दा आफ्नो अनुहार कस्तो छ भनेर ऐना हेर्यो भने बल्ल स्पष्ट हुन्छ भन्ने मलाई लाग्दछ । त्यसकारणले एउटा जिम्मेवार यो प्रदेशको

अभिभावक मुख्यमन्त्रीज्यूले बोल्दाखेरीमा कमसेकम आफ्नो पार्टिको हैसियत आफ्नो पनि परिस्थिति के हो भन्ने कुरा ख्याल गर्नु पर्छ भन्ने म आग्रह गर्न चाहन्छु। जसरी जनताले पटकपटक ६४ पर्सेन्ट मत ल्याएर हामी बडो ठुलो पार्टि भयौं भनेर वहांहरुले गौरव गरेर त्यस्तो खालको आगामी दिनमा देखाउनको लागी म यहांहरुलाई चुनौंती दिंदै यस्ता खालका हर्कतहरु नहोस् भन्दै म आफ्ना भनाइहरु अन्त्य गर्छु धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** माननीय सदस्य श्री आशा कोइराला समय ५ मिनेट ।

**माननीय सदस्य श्री आशा कोइरालाः** माननीय सभामुख महोदय, जनता आवास कार्यक्रम असाध्यै महत्वपूर्ण र लोकप्रिय कार्यक्रम हो जसले यो देशका अति सिमान्तकृत, सिमान्तकृत, अल्पसंख्यक, र विपन्न दलित, जनजाती लगायतका समुदायको घर निर्माण गर्ने काम गरिरहेको छ। यो कार्यक्रम संघ सरकारबाट हस्तान्तरण भएर प्रदेश सरकारमा आइसके पछि तनहुं जिल्लामा पनि म आफै संयोजक भएर प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले पठाएको थियो र गत वर्ष हामीले यो काम संचालन गर्यौं । लगभग १० वर्ष अगाडि देखि तनहुं जिल्लामा संचालन भएको जनता आवास कार्यक्रममा अहिले सम्म ३५० घर निर्माणाधिन अवस्थामा छन्। ३५० घर छनौट गरेकोमा अहिलेसम्म १५० घर मात्र पूर्णरुपमा निर्माण भैसकेको र २०० घर अहिले पनि निर्माणाधीन अवस्थामा छन। यसपटकको वार्षिक कार्यक्रममा डेढ करोड रुपैंया विनियोजन भएको थियो। त्यो डेढ करोड रुपैंया पनि विभिन्न किस्ताहरु गरेर निर्माणाधीन घरका लाभग्राहीहरुले लिइसकेका छन् र अझै हाम्रो २०० घर पूर्ण रुपमा कम्प्लिट नभै सकेको अवस्था छ । यो जनता आवासको वजेट लिनको लागी ४/५ किस्तामा बजेट लिनु पर्ने जम्मा ३ लाख रुपैयां बजेट हुने र यो लाभग्राहीहरुले आफैले गएर लाभग्राहीलाई कार्यालयले आफैले एउटा सम्पर्क व्यक्ति मार्फत् आफ्नै कर्मचारी मार्फत सेवा दिने गरेको त छ तर १० वर्ष लगभग भयो १० वर्ष कार्यक्रम शुरु भएको ६/७ वर्ष अगाडि देखि छनौट गरेका घरहरु अहिले सम्म सम्पन्न भएका छैनन। एकत विपन्न वर्गको घर अर्को असाध्य कम ३ लाख रुपैयां सरकारबाट जाने हो त्यो पनि जग लाउंदा अलिकति गारो उठाएपछि फेरी सिम हालेपछि यो विभिन्न स्टेजमा किस्ता दिने गर्दाखेरी ती घरहरु जो अधुरा छन ती घरहरु पुरै फेरी त्यही घरहरु पनि भत्किने अवस्थामा रहेको र त्यो फेरी नयां नै निर्माण गर्नुपर्ने अवस्थामा पुगिसेकेका कतिपय घरहरु हामीले अनुगमन गर्दा देखेका छौं । त्यसकारण म प्रदेश

सरकारलाई के आग्रह गर्न चाहन्छु भने यो जतिपनि निर्माणाधिन घरहरु छन। यसपटक हामीले घरहरुनै छनौट गरेनौं यो राम्ररी बसेको छैन। यो कम्प्लिट नगरिकन घर छनौट नगर्ने भनेर। त्यसकारण म प्रदेश सरकारलाई हार्दिक आग्रह गर्न चाहन्छु कि यी कमसेकम निर्माणाधिन घरहरु सम्पन्न हुने गरेर वजेटको व्यवस्था गरियोस। पूर्वाधार विकास कार्यालय तनहुँले यो भन्दा अगाडि लगभग १ महिना अगाडिनै हामीलाई आवश्यक पर्ने वजेट यो अपूरा घरहरु पूरा गर्नको लागि आवश्यक पर्ने वजेट माग गरेर पठाइसकेको छ र प्रदेश मन्त्रालयमा पेश गरिसकेको छ त्यसकारण म विशेष आग्रह गरेर त्यी घरहरु पुर्ण रुपमा बन्ने कम्प्लिट हुने गरी वजेट विनियोजन गर्न हार्दिक अनुरोध गर्दै प्रदेश सरकारको विशेष ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्य श्री विन्दु कुमार थापा, समय ५ मिनेट ।

**माननीय सदस्य श्री विन्दु कुमार थापा**

सभामुख महोदय सर्वप्रथम त म गण्डकी प्रदेशको यो सातौं अधिवेशनको सभ्य र भव्य रुपमा सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। बत्तिमुनि अंध्यारो भने जस्तै गण्डकी प्रदेशको राजधानी पोखरा १७ र २१ नं. वडाको विषयमा सडकको अवस्था र एउटा पुलको विषयमा कुरा राख्न चाहन्छु र यसमा माननीय भौतिक पूर्वाधार तथा विकास मन्त्रीज्यूको सभामुख मार्फत ध्यान आकिर्ष्ट पनि गर्न चाहन्छु। पोखरा १७ छोरेपाटनबाट कृष्ति नाच्ने चौर जाने बाटोको वेलघारीको ओरालोमा तल र माथि गरी एकै ठाउंमा २ स्थानमा सुख्खा पैह्रो गएको छ र त्यसले माथिल्लो भागको मानव वस्तीनै जोखिममा परेको अवस्था छ र तलको सडक पनि पैह्रो गएको हुंदाखेरी असाध्यै सांघुरो अवस्थामा २५ पर्सेन्ट बाटो सांघुरो भएको अवस्था छ तेले कुनै पनि समय दुर्घटना निम्तिन सक्छ र मानवीय क्षति पनि हुन सक्ने अवस्था जोखिम देखिएको छ । त्यसकारण माननीय सभामुख मार्फत म भौतिक पूर्वाधार विकास मन्त्रीको म यसमा ध्यान आकिर्ष्ट गर्न चाहन्छु र त्यस्तै गरेर पोखरा २१ को त्यहि छोरेपाटनबाट कृष्ति नाच्ने चौर जाने बाटोमा उक्त ठाउंको दोपहरे पुग्नु अगाडि पोखरा २१ को काठे त्यसलाई नाउडि पनि भन्छ। त्यो घुम्तिमा सुख्खा पहिरो गएर असाध्यै जोखिमपूर्ण अवस्था रहेको छ । त्यहां घुम्तीमा पहिरो गएको हुंदाखेरी बाटो पनि सांघुरो छ र कुनै पनि बेला मोटरसाइकल तथा गाडीहरु त्यहां खस्न

सक्ने असाध्यै जोखिम रहेको हुंदाखेरी यो तर्फ पनि सभामुख मार्फत म प्रदेश मन्त्रीज्यूको ध्यान आकिर्ष्ट गर्न चाहन्छु र उक्त सडककै पोखरा २१ मा पर्ने फुस्रेखोलाको पुल क्रस वित्तिकै एउटा ढुङ्गे खोला भन्ने आउंछ । त्यो ढुङ्गेखोलामा बर्षाको समयमा ठुलो बाढी आउने हुंदाखेरी वर्षैपिच्छे यो मोटरसाइकल र स्कूटर र मानिस समेत बगाउने गरेको छ र त्यो तर्फ पक्की पुल बनाउन अति आवश्यक छ र अहिले सम्म पनि त्यो ढुङ्गेखोलामा पोखरा २१ ढुङ्गेखोलामा पक्की पुल नबनेको हुंदाखेरी यथाशिघ्र बनाउनको लागि पनि म सभामुख मार्फत प्रदेशका मन्त्रीज्यूको र प्रदेश सरकारको म ध्यान आक्रिष्ट गराउंदै म मेरो आफ्नो भनाइ यही टुंङ्गयाउंछु। धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्य श्री किष्ण थापा समय ५ मिनेट ।

**माननीय सदस्य श्री किष्ण थापा**

माननीय सभामुख महोदय, हिजो सत्तामा बस्दा राष्ट्रघात गर्ने, जनघात गर्ने, भ्रष्टाचार गर्ने आज सफाइ लिन खोज्ने? खोला तरेर जमिनमा टेक्दा ओभानो पैताला पार्ने जुन किसिमको प्रवृति हामीहरुले देखिरहेका छौं। मलाई लाग्छ यस्तो खालको प्रबृति नेपाली जनताको लागी साह्रै घातक छ। त्यसकारण उत्तेजक र उराठ लाग्दा मजाकहरु नगर्दा नै धेरै राम्रो हुन्छ जस्तो लाग्छ। माननीय सभामुख महोदय प्रदेश मामिला समितिले गण्डक सम्झौताको अनुगमन गरेको थियो । गण्डक सम्झौता नेपाली जनताको लागि हितमा छैन त्यसकारण त्यो सम्झौता पुनरावलोकन गरेर त्यो सम्झौता खारेज गर्नुपर्छ भनेर समितिले निर्देशन गरेको थियो । मलाई लाग्छ त्यो कुन प्रकृयाबाट कसरी कहां पुगिरहेको छ त्यसको स्पष्टता गर्न चाहन्छु र त्यसपछि दुखमा धेरै मान्छेहरुले साथ दिन्छन्। मलाई लाग्छ सरकारले त अझ बढि साथ दिनु पर्छ र तिनका ती समस्याहरुलाई सम्बोधन गर्नु पर्छ। अझ संघीयताको सरकारले त अझ गर्छ होला भनेको तर यो समस्या अहिले पनि ज्यूंका त्यूं रहेका छ। जैमिनी नगरपालिका वाड नं. ४ को जनता माध्यमिक विद्यालय सर्कुवा त्यो संग जोडिएको स्वास्थ्य चौकी सुख्खा पहिरोको कारणले गर्दा स्वास्थ्य चौकी भत्केर विद्यालय पनि अत्यन्तै जोखिम अवस्थामा छ र हामीले निवेदन गर्यौं सायद त्यो निवेदन अहिले कहां कसरी छ मलाई लाग्छ त्यो समस्यालाई सम्बोधन गर्नका लागि म प्रदेश सरकारसंग विनम्र अनुरोध गर्न चाहन्छु र अर्को कुरा बर्षातको समयमा जैमुनी

नगरपालिकामा पहिरोको कारण नागरिकको मृत्यू भयो। त्यसका साथसाथै त्यहांका नागरिकहरुको घरवार बिहिन भयो घर भत्क्यो। उनीहरु बस्ने ठाउंहरु छैन र हामीहरुले तिनिहरुलाई भेटेर तिनिहरुको समस्या समाधान गर्ने प्रतिवद्धता गरेका थियौं। सायद यतिखेर जांदाखेरी त्यो वेला आउनु भएको मन्त्रीजी कहां हुनुहुन्छ भनेर त्यहांका ती पिडित अभिभावकहरु जनताहरुले सोध्नु हन्छ। वहांहरुको सामान्य राहत पनि वहांहरुले पाउनु भएको छैन। घर बन्ने कुरा त झन् असाध्यै गम्भिर प्रश्न बनेको छ। त्यसले गर्दाखेरी मलाई लाग्छ त्यो पिडालाई प्रदेश सरकारले छिटोभन्दा छिटो सम्बोधन गरोस र बस्ने बास सम्मत बनाइदियोस। सामान्य राहत सम्मत दिइयोस्। यही कुरा अनुरोध गर्दै म आफ्ना भनाइ यहिं टुंग्याउंछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरु अव म उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्री श्री विकास लम्साललाई गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्री विकास लम्साल**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले उद्योग, व्यापार वा व्यवसाय संचालन गर्न स्थापित प्राइभेट फर्म दर्ता नविकरण सम्बन्धमा व्यवस्था गरी नागरिकको आर्थिक हित र सुविधा प्रवर्द्धन गर्दै प्रदेशको आर्थिक समृद्धि हासिल गर्न वान्छनीय भएकोले प्रस्तुत गण्डकी प्रदेशमा प्राईभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक नेपालको संविधानको धारा १९८ को उपधारा (१) तथा गण्डकी प्रदेश प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु अव म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई मिति २०७७ साल चैत्र २६ गते सभामा प्रस्तुत भएको प्रदेश आर्थिक कार्यविधि

तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७७ साल चैत्र २६ गते प्रस्तुत भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधयेक माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब म प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु अब प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ। यस छलफलमा विधयेकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु। छलफलमा माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समयभित्रमा आफ्नो भनाइ राख्न अनुरोध गर्दछु।

सर्वप्रथम माननीय सदस्य श्री मिन प्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री मिन प्रसाद गुरुङ**

सभामुख महोदय, गण्डकी प्रदेश सरकारले यो सम्मानित सदनमा प्रस्तुत गरेको प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी व्यवस्था गर्न बनेको विधयेकको छलफलमा हामीहरु सहभागी भैरहेका छौं। सम्मानित सदनमा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ ज्यूबाट यसमा टेवल भै सकेपछि हामी यो यसको सैद्धान्तिक छलफलमा सहभागी भै रहेका छौं र म यस छलफलमा सहभागी हुनको लागि सभामुख महोदयसंग अनुमति चाहन्छु। सभामुख महोदय, स्वभाविक रुपमा कुनैपनि सरकार कुनैपनि संस्थाको संस्थागत सुशासनको कुरा या ती संचालनको कुरामा अर्थले स्वभाविक रुपमा महत्व त राख्छ नै त्यही माथि सरकार जस्तो महत्वपूर्ण संस्थालाई आर्थिक गतिविधिलाई चलायमान बनाउने कु,रा श्रोतहरुको परिचालन गर्ने कुरा त्यति मात्र नभएर त्यसको व्यवस्थित पारदर्शिता सहित सुशासन गर्ने कुरा स्वाभाविक र महत्वपूर्ण हुन्छ नै। तसर्थ यही उद्देश्यका साथ गण्डकी प्रदेश सरकारले प्रदेशको संचित कोषबाट हामीले संचित कोष भन्नासाथ नेपालको संविधानको धारा २०४ होला त्यहां हामीहरुले उल्लेख गर्याछौं की जहां गुठिका रकमहरु बाहेक अरु आम्दानी राजस्व यी विविध कोषहरु सरकारको त्यो संचित कोषमा जम्मा हुने ती कोषहरुको संचालन व्यवस्थापन तर्जुमा निकास खर्च र लेखाङ्कन र प्रतिवेदनको आन्तरिक नियन्त्रण लेखा परिक्षण संगसंगै अरु गतिविधिहरुलाई प्रदेश वित्तिय व्यवस्थापन प्रणालीभित्र राखेर जिम्मेवार र पारदर्शी बनाई नतिजामुलक र उत्तरदायि किसिमबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र प्रदेशको आर्थिक कार्यविधिलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्नको लागि यो ऐन संसद समक्ष टेवल भएको छ र यही ऐन यहांनेर हामी छलफलमा सहभागी भैरहंदाखेरी सरकारले अगाडि २०७४ सालमा आर्थिक कार्यविधि ऐन २०७४ यही सदन सम्मानित सदनबाट जारी भएर ऐनको रुपमा विधयेक आएर ऐनको रुपमा जारी भै त्यो ऐन हाल चालु त्यो ऐन विद्यमान ऐन अन्तर्गत हामी संचालित थियौं र त्यसलाई यो ऐन प्रारम्भ भएपछि या यो ऐन लागु भएपछि स्वभाविक रुपले खारेज हुने यहां उल्लेख भएको छ र स्वभाविक पनि हामी जे जस्ता कुराहरु अहिले संघीय संरचना अन्तर्गत ३ वटा सरकारका संचालनका सवालमा विभिन्न किसिमबाट जो अवशिष्ट अधिकार संघीय सरकारले राख्छ र त्यो संग

बाझिएको हकमा अरु अमान्य हुने क्रममा यो अहिले संघीय सरकारले आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ कार्यान्वयनमा आइसकेको हुनाले संघीय संसदबाट कार्यान्वयनमा आइसकेको हुनाले पनि यो ऐनलाई परिमार्जन या २०७४ खारेज गरेर हामी अगाडि बढने स्वभाविक पनि हो भन्ने मलाई लाग्छ र अर्को तर्फ कुनै पनि सरकारको या लोकतान्त्रिक र विधिसम्मत सरकार संचालनको कुरामा स्वभाविक रुपले यो आर्थिक कार्यविधिहरुलाई सुसंचालित गर्ने कुरामा त्यो महत्व पनि हुन्छ र त्यो एउटा मलाई लाग्छ सरकारको सुशासन पारदर्शिता र सरकारको सफलता र असफलताको कुरा पनि यो सरकार स्वस्थ सरकार छ कि छैन भन्ने मापनको कुरा पनि यो आर्थिक गतिविधिले या आर्थिक क्रियाकलापले सरकारलाई त्यो मापनको प्रणालीमा पनि ढाल्छ भन्ने म विश्वास गर्छु। त्यसो भको हुनाले पनि मलाई लाग्छ नेपालकै इतिहासमा हेर्ने कुरा गरिरहंदा पनि जव नेपालमा लोकतन्त्र आयो २००७ सालको प्रजातन्त्रको आवगमन पछि मात्रै नेपालमा महालेखा परिक्षकको शुरुआत सम्भवत २०५१ सालतिरबाट यो संवैधानिक किसिमबाट व्यवस्था भएर आयो र अहिले प्रदेशमा संघियता आइसकेपछि प्रदेश लेखा नियन्त्रकको व्यवस्था भएकोछ र त्यहिभित्र यो ऐन कार्यविधि विधयेक त्यहांनेर त्यही भित्रबाट त्यसलाई सुसंचालित गर्ने या व्यवस्थित गर्ने कुरामा निहित भएको मलाइ लाग्छ र त्यति मात्र हैन यो विधयेकमा हिजो आर्थिक मामिला तथा योजना मन्त्रालयमा भएका जुन ती ऐनमा व्यवस्था थियो ७४ को ऐनमा त्यसमा केही कुराहरु जसरी हामी नीति तथा योजना आयोग प्रदेशमा छ। संघमा पनि छ र त्यसको एउटा तारदम्यता जिम्मेवारीको कुराहरु देखि लिएर योजनाहरुका बांडफांड, श्रोतहरुको परिचालन खोज्ने र व्यवस्थापन खर्चहरुको योजनाबद्ध किसिमबाट लाने कुराहरुमा केही अलिकति दुविधागत या जिम्मेवारीको कुरामा अलि स्पष्ट नभै रहेको स्थितिमा स्वभाविक रुपले यो ऐन विधयेक आइसकेपछि त्यो कुरालाई स्पष्ट पार्ने प्रयत्न गरेको मलाई लाग्दछ। जसरी योजना आयोगलाई जिम्मेवारीपूर्ण बनाउने क्रम आवश्यक छ नीति तथा योजना आयोगलाई प्रदेशको विकास निर्माण र श्रोतहरुको परिचालनको सम्बन्धमा त्यो कुरा यसले बोल्न खोजेको म ठान्दछु। जसरी ७४ को ऐनले कुनै पनि योजना तर्जुमा गर्न आवधिक योजना आर्थिक वर्ष भन्दा अगाडि अर्थ मन्त्रालयले गर्ने व्यवस्था थियो भने अहिले यो ऐन आइसकेपछि योजना नीति तथा योजना आयोगले त्यो गर्ने कुराहरु जुन व्यवस्था गर्याछ त्यसले एउटा त योजना आयोगलाई

क्रियशिलता र त्यसको सैद्धान्तिकरण र त्यसलाई प्राधि निर्माण पनि गर्ने त्यो प्रयत्न तर्फ अगाडि बढेको म ठान्दछु । अर्को तर्फ हामीले देख्यौं अर्थ मन्त्रालय जो हामी योजना तथा योजना मन्त्रालय हामी प्रदेशमा छ। त्यसमा जुन कर्मचारीहरुको व्यवस्थापनमा नियमितता नभैरहेको कुरा अनि जसले योजनाहरु नीति निर्माण गर्ने कुरामा त्यो उत्तरदायी किसिमबाट आउने अवस्था त्यो नभैरहेको स्थितिमा एउटा स्थायी नीति तथा योजना आयोगमा त्यहां काम गर्ने सवालमा कुराहरु भैरह्यो भने त्यसले व्यवस्थित हुने र त्यसमा इम्बोस गर्ने त्यसमा समावेश गर्ने कुरा पनि प्रक्रियागत रुपबाट आउने व्यवहारिक कुरा पनि यो ऐन आएपछि हुन्छ भन्ने मलाई लाग्छ अहिले मात्रै यो ड्राफ्ट गरेर पठाइरहने बेलामा यहां हाम्रो अर्थ सचिवको रुपमा एक जना सचिव हुनुहुन्थ्यो र अहिले वहां हुनुहुन्न। यो यस्तो वजेटको एकदमै तयारी गर्नु पर्ने र कार्यान्वयनको क्रममा यस्तो यो व्यवस्थापन कर्मचारीको जुन खाले छ त्यो त्यसलाई पनि यो ऐन आएपछि एउटा व्यवहारिक कठिनाईलाई या अर्थ मन्त्रालयलाई त्यसलाई सहजता प्रदान गर्छ भन्ने कुरा जस्तो लाग्छ । अर्को महत्वपूर्ण कुरा श्रोत अनुमान र खर्चको सिमा निर्धारण गर्ने कुरामा जुन खाले हिजो हामी भैरहेको मौजुदा ऐनमा जुनखाले मन्त्रालयको मात्रै जिम्मेवारी देखिन्थ्यो भने त्यो अब आएर मन्त्रालयको समन्वयमा अनि योजना तथा नीति आयोगले बनाउने जुन व्यवस्था गर्या छ गर्न खाजेको छ तेसले अझ प्रभावकारी बनाउने कुरा म ठान्दछु। त्यस्तै गरेर जो खाले अहिले श्रोत अनुमान समिति भनेर हामी हिजो व्यवस्था गर्याथ्यौं त्यो व्यवस्था गरिरहने बेलामा यो अहिलेको विद्यमान ऐनमा त्यहांनेर खाली अर्थ मन्त्रालयबाट यो श्रोत अनुमान समिति गठन गरिने छ भनेर भन्या छ तर कसको नतृत्वमा कहां को जिम्मेवार त्यो कसैको अस्पष्ट र अमुक किसिमबाट व्यवस्था गरेको थियो र अहिले यो ऐन आइसकेपछि स्वभाविक रुपले योजना तथा नीति आयोगको उपाध्यक्षको संयोजकत्वमा श्रोत अनुमान समिति गठन गर्न सकिने छ गर्नु पर्छ भनेर किटानीसाथ त्यसले व्यवस्था गर्याछ । यो व्यवस्थाले अहिले सम्मन भैरहेको अन्योलता सायद मलाई लाग्छ सम्मानित अदालतमा माननीय मुख्य मन्त्रीजीले सम्बोधन गर्ने क्रममा हामी श्रोत राजस्व संकलनको क्रमहरुमा हामी सासकीय क्षमताको कुरा उठाइरहेका थियौं। मलाई लाग्छ सासकीय क्षमता एउटा पाटो हो भने अर्कोतिर यो जुन श्रोत अनुगमन समिति श्रोतहरुको खोजीको कुरा या राजस्व कसरी परिचालन गर्ने र त्यसमा विविधि गर्ने कुरा यो कुराको पनि हामीहरु

राम्रोसंग त्यसलाई मोविलाइज गर्ने वा त्यसको श्रोतहरुको परिचालन खोज्ने त्यो प्रविधिकरण हो यो सैद्धान्तिककरण या चाहिने त्यसलाई व्यवहारिक प्रयोजन किसिमबाट लाग्ने बढि निश्चित रुपमा नभै रहेको स्थितिले पनि अहिले हामीहरु खाली अनुदान अनि त्यसपछि संघीय सरकारबाट आएका वजेटहरुबाट मात्र सरकार संचालित हुनुपर्ने एउटा खालको दुरह अवस्थालाई मलाई लाग्छ यो श्रोत अनुगमन समिति जुन किसिमबाट राजनीतिक ध्येय र उद्देश्य सरकारले ल्याएको छ त्यो मार्फत एकिकृत क्रियाशिलता अघि बढ्यो भने स्वभाविक रुपले आगामी दिनहरु अलिकति सुखद होलान् र विद्यमान कानूनको परिधिभित्र रहेर यसका पनि सिमा छन स्वभाविक रुपले प्रदेश सरकारले आफ्नो श्रोतहरुको परिचालन गर्ने क्रममा राजस्व संकलन गर्ने क्रममा पनि निश्चत परिधि र सिमा छ। त्यो भित्र रहेर त्यसरी यो अगाडि बढ्न सक्ने प्रयत्नको ढोका खोल्छ भन्ने मलाई लाग्दछ । त्यतिमात्र होइन अर्को महत्वपूर्ण कुरा र हामीलाई खड्कदै आएको र हामी धेरै अगाडि बढाएको र सरकारले सरकारले प्रतिवद्धता जाहेर गरिसकेको र ऐनमा नंबाधिएको अर्को कुरा मलाई लाग्छ हामीले योजना विहिनका कुरा धेरै अगाडिदेखिन गर्यौं र विगतमा त्यसलाई लिपिबद्ध या ऐन या विधिवत रुपले ढाल्ने प्रयत्न कतै नीतिगत रुपमा आइरहे पनि ऐनको रुपमा आउने क्रममा मलाई लाग्छ यो विधेयक ऐनको रुपमा परिणत भैसकेपछि त्यसले ठोस रुपमा कार्य अनुरुप गर्ने र भोलि त्यो हाम्रो सम्भावना प्रदेशको सम्भावनाका ढोकाहरुलाई व्यवस्थित गर्ने र त्यसमा सहजतापूर्वक योजना छनौट अनि श्रोत परिचालनका कुराहरुमा अगाडि बढ्न पक्कै पनि यो ऐनले एउटा अभिभावकीय भूमिका खेल्न म ठान्दछु। संगसंगै त्यतिमात्र हैन अरु आर्थिक परिचालन देखि लिएर आर्थिक जुन खाले व्यवस्थापनका कुराहरु छन् त्यसले (सभामुख माननीय सदस्य विशेष समय सिद्धियो) यो ऐन महत्वपूर्ण रुपमा अगाडि बढने छ यही शुभकामना साथ म आफ्ना भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री सरिता गुरुङ**

माननीय सभामुखज्यू, प्रदेश आर्थिक तथा वित्तिय उत्तरदायित्व व्यवस्थापन गर्न बनेको विधयेक माथिको सैद्धान्तिक छलफलको लागि यस गरिमामय सभामा प्रस्तुत भैरहेको छु। माननीय सभामुखज्यू यस विधयेकमा आर्थिक गतिविधि वित्तिय व्यवस्थापन प्रणालीलाई जिम्मेवारी पारदर्शी नतिजामुलक बनाउन समष्टिगत आर्थिक स्थायित्व कायम गर्न बनेको विधयेक भन्ने बुझिन्छ। माननीय सभामुखज्यू यस आर्थिक विधयेकको पेज नं.१ देखि २९ सम्म सरसर्ति हेर्दाखेरि यहां लेखामा र आर्थिक गतिविधिमा हुने भाषाहरुको र शव्दहरुको सुचकांङ्क सबै प्रयोग भैराखेको छ । तैपनि त्यति हुंदाहुंदा माननीय सभामुखज्यू मानिसको जीवनमा चाहे पनि त्यो मानवीय विकास होस् चाहे त्यो भौतिक विकास किन नहोस उन्नति र उत्पादनको लागि लगानी मैत्री हुनु पर्दछ। किनभने आर्थिक पाटो भनेको मानिसको जीवनको एक प्रकारको अपरिहार्य अङ्गनै हो। किनभने आर्थिक गतिविधि हिनाविना भयो र त्यसमा पारदर्शिता नहुने वित्तिकै धेरै कुराहरु हुन्छन् र त्यहां चलखेल हुन्छ भन्ने कुरा हाम्रो हिजो र अस्तिको सभामै प्रष्ट भैसक्यो । त्यो घाम भन्दा पनि बढि प्रष्ट भैसक्यो। एउटा सत्ता पक्षले पुराना विगतका इतिहासलाई मिले पनि नमिले पनि कोट्याएर नेपाली कांग्रेस माथि प्रमुख प्रतिपक्षमाथि लादयो भने हिजो त्यसको उत्तर फेरी कांग्रेसले दिन तयार भयो। त्यो सबै कुराहरु कुनै सहिदको बारेमा थिएन कुनै त्यागको बारेमा थिएन। आर्थिक हिनामिना र चलखेलकै बारेमा थियो। त्यसैले मैले यो आर्थिक राम्रो हुनुपर्छ जहां माननीय सभामुखज्यू जहां साधन श्रोतको पनि बांडफांड हुन्छ त्यो ठाउंमा शान्ति सुव्यवस्था कायम हुन्छ र सुशासन हुन्छ र दीगो विकासलाई निरन्तरता दिन सकिन्छ र जनताले दिगो विकासको अनुभुति गर्न सकिन्छ भन्ने कुरा पनि म यहां राख्न चाहन्छु।

माननीय सभामुखज्यू यहां हामीले यो आर्थिक कार्यविधि हेरिराख्दाखेरी यो विभिन्न चरणमा कालमा परिमार्जित भै आइरहेको इतिहास पनि हामीले पाउन सकिन्छ। तैपनि त्यति हुंदाहुंदा यो लगानी गर्ने कुरामा हामीहरुको यहां यो झैझगडा चाहे त्यो संघको होस, चाहे त्यो प्रदेशको होस सहि बांडफांड हुन नसकेकै कारणले गर्दाखेरी यो यसमा द्वन्द सिर्जना हुने हो। किनभने आर्थिक हिसाबकिताब सहि र पारदर्शिता हुने वित्तिकै त्यहां सुशासन हुन्छ र कस्तो ठाउंमा आर्थिक लगानी वजेट लगानी गर्न पर्छ भनि जहां रोजगारीको सिर्जना हुन्छ, जहां उत्पादन हुन्छ, जहां त्यो रोजगारी भैसकेपछि गरिवी न्यूनीकरणमा सहयोग पुग्छ त्यस्तो ठाउंमा हामीले लगानी गर्नु पर्ने आवश्यकता हुन्छ। यसमा यति

भनिरहंदा माननीय सभामुखज्यू आर्थिक कार्यविधिमा यो लेखा सम्बन्धिको कुराहरु चाहे यो प्रदेश संचित कोष छ र संचित कोषमा हामीले राजस्वको कुराहरु बेरुजुको कुराहरु अनि त्यसमा खर्चको सिमाहरु त्यसमा सिलिङहरु तोकिराखेको छ तर त्यति हुंदाहुंदा पनि यो हामीले जति गर्न पर्नि कुराहरु अझै नभैसकेको र कार्यविधि हेर्दाखेरी असाध्यै सन्तोषजनक तर त्यसलाई व्यवहारिक रुपमा कार्यान्वयन नहुंदाखेरी यसमा पक्कै पनि असन्तुष्टि पैदा हुन्छ भन्ने कुरा पनि म यस गरिमामय सभामा अनुरोध गर्न चाहन्छु । माननीय सभामुखज्यू यो आर्थिक गतिविधि चलायमान गर्नको लागी हामीले हिसाबकिताब पारदर्शिता हुनपर्छ । संगै फेरी हामीले अब यसमा अहिले संघियता आइसकेपछि राज्यमा ३ प्रकारको सरकारहरु छ। २०७२ सालको संविधानमा ककसले कतिकति कुनकुन गते यो आर्थिक वजेट भाषण हुने र नीति कार्यक्रममा कति दिनसम्म छलफल गर्नी भन्ने कुराहरु सवै व्यवस्था छ र हामीले त्यो नीति कार्यक्रम र वजेटको र त्यो सैद्धान्तिक छलफल र प्राथमिकताको बारेमा पनि हामी छलफल गरिन्छ र त्यति हुंदाहुंदै पनि जे हामीले सोचिराखेको छ जे हामीले गरिराखेको छ त्यो कुराहरु भैराखेको छैन। त्यसैले म के अनुरोध गर्न चाहन्छु भने यो नीति कार्यक्रमहरु भैसकेपछि र त्यसमा अध्ययन गरिसकेपछि जहां आवश्यकता हो त्यो सहि ठाउंमा वजेटको प्रयोग हुनु पर्छ त्यो हुन नसकेकै कारणले गर्दा हामी यो लोकतन्त्र आइसकेपछि अझै पनि जनताले लोकतन्त्र आएको अनुभूति भै राखेको छैन। हामीले यो समयमा वजेट निकासा हुनपर्छ भन्ने छ त्यति हुंदाहुंदा पनि फेरी पनि अझै पनि असारे वजेटबाट जनताले छुटकारा पाइराखेको छैन। त्यसैले अब मलाई लाग्छ अब हामी यो सातौं अधिवेशनमा हाम्रो वजेटको कुरा हुन्छ। वजेट बांडफांडको कुराहरु हुन्छ। त्यसैले यो कुराहरु नदोहोर्याउन पनि म सरकारलाई अनुरोध गर्दछु। माननीय सभामुखज्यू अब यो संगसंगै अब हामीले यो नीति कार्यक्रमको कुराहरु छन र त्यसपछि यो योजनाहरु बांडफांड गर्ने कुरामा हामी जतिसुकै कराए पनि जतिसुकै भनेपनि काहां आवश्यकता हो ककसले कुनकुन ठाउंमा बांडफांड गर्नु पर्ने हो त्यस बारेमा सहि पहिचान हुन नसकेको कारणले गर्दा त्यहां डुप्लिकेशन भाको छ। त्यहां दोहोर्याइ दोहोर्याई जसको पहुंच छ त्यो ठाउंमा वजेट गएकोछ। त्यसैले गर्दाखेरी हामीले यो वजेटलाई र राज्यलाई र प्रदेशलाई एउटा सुख र शान्ति बनाउन र प्रदेशको मुहार फेर्नको लागी यो वजेटको कार्यविधिको निर्देशनलाई परिचालन गर्न पर्छ भन्ने मलाई लागिरहेको छ र यो वजेटहरुको परिचालन

गर्दाखेरी हामीले विगतको वर्षहरुमा त्यहां आवश्यकता त छंदैछ र त्यसमा गरिवी न्यूनीकरणको कुराहरु छ चाहे त्यो कृषिमा होस चाहे त्यो कृषिमा होस् वा भौतिक योजनामा होस् महिलाको होस जनजाती आदिवासीको वजेटबहरु होस त्यी कुराहरु कहां पुग्न पर्ने ठाउंमा अझै पुगिराखेको छैन। आगामी दिनहरुमा त्यो विगतका तिक्ततालाई मेटाउंदै अब यो वजेट राम्रोसित जात पर्छ र यो राम्रो छलफल गरेर यसलाई सहि सदुपयोग हुने तरिकाले वजेट परिचालन गर्न पर्छ र यसरी राज्यको ढुकुटिहरु हामीले दुरुपयोग भइ राख्दाखेरी हामी एउटा जनप्रतिनिधिले टुलुटुलु हेरिरहन समस्या भएको हुनाले आगामी दिनहरुमा त्यो कुराहरु नदोहोरयाइ यो निर्देशिकालाई अझै यो आर्थिक पाटोलाई अझ मनबुत बनाउन र यसलाई पारदर्शि र दिगोपन ल्याउनको लागि सवैको सहभागिता र सबैको आवश्यकताको महसुस हुन्छ र सबैको आवश्यकतालाई ध्यानमा राख्दै अझ यसलाई निरन्तरता गर्न पर्छ भन्ने मेरो आफ्नो भनाई राख्दै विदा हुन्छु धन्यवाद। जय नेपाल ।

**माननीय सभामुख**

माननीय दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री दिपक कोइराला**

माननीय सभामुख महोदय, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको सैद्धान्तिक छलफलमा हामी छौं । यसको शिर्षकले नै धेरै कुरा बताउंछ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्वको सम्बन्धमा व्यवस्था गर्न भनेपछि यसले हाम्रो आर्थिक व्यवस्थापन कसरी गर्दछ ? हामीले प्रदेश संचित कोष र अन्य सरकारी कोषको संचालन तथा व्यवस्थापन वजेटको तर्जुमा निकासा खर्च तथा आर्थिक कारोवारको कसरी यो सवै यसलाई कसरी व्यवस्थापन गर्छौं ? लेखा परिक्षणहरु कसरी गर्छौं भन्ने धेरै कुराहरुको यसले यो विधयेकको शिर्षकले नै धेरै कुराहरु बताइरहेको छ। सिद्धान्तत हामी धेरैले भन्दै आएको कुरा हो मलाई अलिकति माननीयज्यूहरु सभामुखज्यू माननीयज्यूहरु अन्यथा नमान्नु होला।यो विधयेक आउंदा संगसंगै यो सदनमा सम्मानित सदनमा यो निकै जोडतोडका साथ भ्रष्टाचारको बारेमा यहां कुराहरु भैरहे मैले कसले के भन्यो कुन आशयकासाथ भन्यो भनेर भन्या होइन सैद्धान्तिक मात्र हो । सैद्धान्तिक रुपमा सबै छलफल हेर्दै गर्दा मलाई आजभोलि हिजोआजको

यो अधिवेशनको अवस्थालाई हेर्दा हामी सबै मिलेर एउटा यो भ्रष्टाचार नियन्त्रण सम्बन्धी संकल्प प्रस्ताव पो पास गर्ने कि भनेर यो प्रदेशलाई एउटा भ्रष्टाचार प्रदेशको रुपमा अगाडि बढाउने हो कि भन्ने पनि लाइराछ खैर विषय यो संग रिलेटेड नै होइन होला जस्तो लाग्छ। त्यसकारणले मैले यत्ति कुरा राखें । कल्ले कहां कतिखेर भ्रष्टाचार गर्यो भन्ने कुरा यहां कसैले रोष्टममा आएर भनि रहनु नै पर्दैननी कसले कति भ्रष्टाचार गर्याछ कस्ले गर्यो या कसले गरेन त्यो त सबै हामीले हेर्दै आएको कुरा हो सबैले जान्दै आएको कुरा हो कसैले कसैलाई यहां भन्नु पर्ने कसैले कसैलाई नभन्नु पर्ने अवस्था छैन तर पनि सबै कुरालाई हिसाब किताब गर्दै जांदा हाम्रो सामाजिक संरचना या हाम्रो सरकार संचालनको तरिका या हामी जहां हाम्रो काम गरिरहेका छौं र पारदर्शिताको कुरा गरिरहेका छौं । आज हामीले प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक माथि छलफल गरिरहेका छौं र आजको दिनमा हेर्यौं भने हामी भ्रष्टाचारबाट मुक्त छैनौं। कसले कतिखेर गर्यो म भन्दिन कसले काहां त्योत आ-आफ्नो आरोप पुष्टि हुने पुष्टि भएपछि आरोपित हुने कुरा होला या केहोला त्यो अर्कै कुरा हो। खैर जेहोस यो विषयले काहिं न काहिं प्रवेश पाउने कुरा एउटा महत्वपूर्ण कुरा हो । त्यसकारण पनि मैले यो पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, मितव्ययिता, वित्तिय उत्तरदायित्व पुरा गर्ने जुन यो एउटा प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक आएको छ। समग्रतामा यसको सैद्धान्तिक पक्षको रुपमा सरसर्ति हेर्दा सैदान्तिक रुपमा यो विधयेकले हामीलाई पारदर्शितातिर लैजान्छ। हामीले भनेको प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे भनौं र हामीले यो व्यवस्थालाई व्यवस्था यो आर्थिक पारदर्शिताको कुरा खाली पारदर्शी देखाउने कुरा मात्रै भ्रष्टाचार नियन्त्रण गर्नै पर्ने कुरासंग मात्रै पनि सम्बन्धित हुंदो रहेनछ। यो सिङ्गो व्यवस्थासंग यो व्यवस्था कस्तो छ भन्ने कुराको एउटा महत्वपूर्ण कुरा के हो भने आर्थिक पारदर्शिता हो। भ्रष्टाचार नियन्त्रण हो। त्यो आर्थिक कार्य सहि ढङ्गले आर्थिक व्यवस्थापन हो भन्ने कुरा हामी सबैले बुझेकै छौं। त्यसकारणले पनि यो ऐन हामीलाई जरुरी छ। हुनत यो अघिल्लो प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई विस्थापित गर्दै यो ऐन आएको छ यसले महत्वपूर्ण भूमिका निर्वाह गर्छ। यो प्रदेशको सन्दर्भमा आर्थिक व्यवस्थापनको सन्दर्भमा, आर्थिक परिचालनको सन्दर्भमा, वितरणको सन्दर्भमा हामीले भनिरहेको भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा या हाम्रा सरकारी निकायहरुले

गर्ने कामको एउटा पारदर्शिताको बारेमा यसले महत्वपूर्ण योगदान गर्दछनै भन्ने म ठान्दछु। अब हामीले निर्माण गर्ने कार्यान्वयन गर्ने कानूनहरुको सन्दर्भमा पनि अलिकति हामीले आजको दिनमा सदनमा बहस चलाउनु पर्दछकी हामीले बहस छलफलहरु गर्नु पर्दछकी भन्ने म ठान्दछु र आर्थिक नियन्त्रण गर्ने कुरा या भ्रष्टाचार नियन्त्रण गर्ने कुरा या पारदर्शि पारदर्शिता गर्ने कुरा त्यो कुरा खाली नियम कानूनसंग मात्रै पनि सम्बन्धित रहेनछकी तर म एउटा यो सम्मानित सभामा उभिइरहेको छु र कानून बनाउने एउटा सदस्यको रुपमा यहां उभिइरहंदा पहिलो प्राथमिकतात हामीले कानून निर्माण गर्ने हो कानूनले नै सबैलाई हामी नियन्त्रण गर्ने हो। तर कानूनहरु मात्र पर्याप्त हुनत भन्ने एउटा गम्भिर प्रश्न अहिले खडा भएको छ। किनकी संविधानमा नभएको, कानूनमा नभएको कुरा पनि देशका शासकहरुले चाहेभने हुंदो रहेछ। देशका शासकहरुले चाहेभने त्यो कुरा पनि कानून नभएपनि गर्न सक्दा रहेछन त्यो शासकहरुको नियतमा पनि धेरै कुरा भरपर्दो रहेछ भन्ने कुरा हामीले पछिल्लो घटनाक्रमहरुलाई हेरिरहेका छौंनी त । त्यसकारण हाम्रो नियतमा हामीले हाम्रो पारदर्शिताको विषयमा हामीले भ्रष्टाचार नियन्त्रणको विषयमा हाम्रो सामाजिक संरचना म यो भन्दिन यो या त्यो भन्नेवाला छैन। म हाम्रो सिंङ्गै सामाजिक संरचनानै के देख्छु भने इमान्दार छैन। मैले त्यो भन्दै गर्दा केही यसका जवाफहरु दिनु पर्ला म त्यो जवाफ दिन पनि तयार छु। तर आर्थिक हिसाबले हेर्यो भने हाम्रो सामाजिक संरचनानै हाम्रो अहिले पारदर्शी छैन। चाहे त्यो हामीले सामान्य बजेट परिचालन गर्ने कुनै समितिको निर्माण र परिचालनको कुरा होस चाहे त्यो देशको सिङ्गै संघीय शासन सिङ्गै देशको नेतृत्व गर्ने प्रमुख कार्यकारी होस् । प्रमुख कार्यकारी पनि यसमा पारदर्शिता देखिएन। म तपाइहरुलाई यति उदाहरण भन्छु मेरो यो आशय होइन। मैले कसैलाई आरोप लाउने आशय होइन तर यसमा भैरहेका कुराको बारेमा प्रदेशमा भैरहेको बारेमा केहिन केही भन्नु नै पर्छ र सन्दर्भ पनि आएको छ। त्यसकारण मैले अघिनै उठाए की हामी जबसम्म नियत हामीले भ्रष्टाचार गर्नु हुंदैन या पारदर्शिता गर्नु पर्छ। या हामीले हाम्रा हाम्रो सरकारका कामकारवाहिहरुलाई पारदर्शि बनाउन पर्छ भन्ने कुरा हामी जो शासन गर्छौं जो शासकहरु छौं या जो जनप्रतिनिधहरु छौं हाम्रो दिमागमा नभएसम्म त हुंदो रहेनछ । त्यसकारण आज भैरहेको जुन आर्थिक अपारदर्शिता छ त्यो आर्थिक अपारदर्शिता कानून भित्रबाटै भैरहेको छ। त्यसकारण हामी भन्छौं धेरैचोटि कुरा पनि उठेको छ कि नीतिगत भ्रष्टाचार

यो देशको मुख्य भ्रष्टाचार हो । कसैले म हेर्छु अख्तियारले पनि कारवाही गरेको छ मेरो आशय भ्रष्टाचार गर्नु पर्छ भन्ने होइन। अपारदर्शिता हुनपर्छ भन्ने होइन। एक रुपिया पनि भ्रष्टाचार गर्नुपर्छ भन्ने मेरो आशय होइन। तर तर सय, ५० हजार, १० हजार, ५ हजार घुस खाइरहेका हाम्रा ओभरसियर इन्जिनियरहरु समात्ने अख्तियारले गोकर्ण रिसोर्टमा भएको त्यति ठुलो अरबौंको भ्रष्टाचार समात्न सक्दैन। त्यो अख्तियारलाई मात्र मैले भन्न खोज्या हैन पार्टिहरुलाई पनि मैले भनेको हो। सरकारमा भएका पार्टि या प्रतिपक्षमा भएका पार्टि या हामी सबै थाहा छ हामी सबैलाई त्यहां धेरै ठुलो भ्रष्टाचार भएको छ तर त्यो त्यहां नीतिगत भ्रष्टाचार भएको छ कसैले बोल्नै सक्दैन। क्याविनेटले निर्णय गर्यो भने ठुल्ठुला भ्रष्टाचार हुन्छ यो देशमा तर के छ भने त्यो बारेमा काहीं बोल्न पाईदैन। नीतिगत भ्रष्टाचार सबभन्दा ठुलो भ्रष्टाचार हो । आजको दिनको हाम्रो देशको सन्दर्भमा त्यसकारण त्यो नीतिगत भ्रष्टाचार रोक्ने भन्या कुरा के रैछ भने शासकहरुको नियतमाथि प्रश्न उठ्यो । शासकहरुको नियत थाहा हुन पर्दो रहेछ । हामी सबैको नियत सफा हुनुपर्यो यसको आसय मैले आज कसले शासन गरिराखेको छ भन्ने कुरा भनेको होइन। हिजो शासन गर्नेहरु या भोलि शासनमा आउनेहरु सबैको नियत प्रष्ट नियत राम्रो हुनुपर्यो र यो देशलाई भ्रष्टाचार मुक्त बनाउनु पर्यो । बनाउन संकल्प हुनुपर्यो । संकल्प मात्र भएर भएन संकल्प मौखिक मात्र भएर भएन त्यो दृढतापूर्वक त्यसलाई कार्यान्वयन गर्नु पर्दछ पर्यो त्यसकारण मैले भने यो एउटा उदाहरण मात्र भने । मैंले यस्ता धेरै उदाहरणहरु छन। हैन त्यसकारण यस्ता धेरै उदाहरणहरु छन। जो कानूनमा टेकेर भ्रष्टाचार गरिन्छ भने त्यो भ्रष्टाचार रोक्न एउटा मात्र उपाय कानूनमा टेकेर यदि अपारदर्शिता अपनाइन्छ भने यदि कानूनमा टेकेर आर्थिक अनियमितता गरिन्छ भने त्यो रोक्ने ठुलो कानून हामी कसैले अर्को कानून बनाउन सक्दैनौं त्यो भनेको नियत मात्रै हो । त्यो भनेको शासकहरुको नियत। त्यो भनेको हामीहरको नियत । त्यो सबैको नियत हो मैले अघिनै भनें शासन देशको कार्यकारी प्रमुखले मात्र शासन गर्छ यो देशमा होइन। यो देशमा संघीय क्याविनेटमा भएका मन्त्रीहरुले मात्र शासन गर्छन मेरो भनाइ त्यो पनि होइन । मेरो भनाइ यो प्रदेशमा आउंदा मुख्य मन्त्रीले मात्र यहांको शासन गर्नुहुन्छ त्यो पनि भन्या होइन। मेरो भनाई यो प्रदेशमा नेतृत्व गरिरहनु भएको आर्थिक मामिला मन्त्रालयले मात्रै आर्थिक यसको नेतृत्व गर्छ मेरो भनाई त्यो पनि होइन। अरु क्याविनेटका मन्त्रीहरुलाई पनि मेरो भनाइ

होइन। हामी सांसदहरुलाई मात्र पनि मेरो भनाई होइन । एउटा सामान्य भन्दा सामान्य १० हजार २० हजार १ लाख २ लाख रुपियांको वजेट कार्यान्वयन गर्ने हाम्रा गाउंमा पनि समिति देखि देशको कार्यकारी प्रमुख सम्म सबैका नियत सफा हुनुपर्दछ भन्ने कुरा त हामीले हेरेकै छौंनी यो भन्न चाहुं या भन्न नचाहुं त्यो अर्कै कुरा हो। भनौं या नभनौं अर्कै कुरा हो । आज मेरो मान्छे छ या मेरो पार्टिको मान्छे छ या मेरो अर्को पार्टिको मान्छेले गरेकोछ या आज मेरो नजिकको मान्छेले गरेको छ भनेर त्यसको प्रतिवाद गरौं या नगरौं । त्यो बारेमा बोलौं या नबौलौं त्यो त हाम्रै आफनै नियतमा भर पर्ने कुरा हो  तर तर यो कुरा आर्थिक उत्तरदायित्व पूरा गर्ने कुरा पारदर्शिता अपनाउने कुरा, भ्रष्टाचार नियन्त्रण गर्ने कुरा यो कानूनसंग मात्र सम्बन्धित हुनु भएन तर फेरी पनि मेरो भनाई के हो भने हामी कानून बनाउने ठाउंमा छौं। कानूनै बनाएर त्यसलाई नियन्त्रण गर्नु पर्छ तर यसलाई सही ढङ्गले कार्यान्वयन गर्ने कुरा र हामी सबै इमान्दारिता हुने कुरा पनि त्यतिकै महत्वपूर्ण रहेछ भन्ने कुरा आजको सन्दर्भको हिसाबले अलिकति यो सन्दर्भ पनि उठेको हिसाबले राख्न खोज्या मैले मात्रै हो त्यो मात्र होइन आजको सन्दर्भमा मात्र होइन मैले अर्थ समितिको नेतृत्व पनि गरिरहेको सदनमा त्यसकारण पनि यो बारेमा बढि भन्दा बढि यस्ता बारेमा छलफल बहस गर्न पर्ने यो बारेमा बढि भन्दा बढि नियन्त्रण गर्नु पर्ने किनभने त्यसको १३ वटा स्टेक होल्डर म पनि हो। किनकी यो प्रदेशको अर्थ समितिको सभापति हुनुको हिसाबले त्यसको स्टेक होल्डर त्यसको त्यो कुरालाई नियन्त्रण गर्ने कुरा पारदर्शिता अपनाउने कुरा या आर्थिक उत्तरदायित्वको कुरा लगाउने कुरा त्यो स्टेकहोल्डर म पनि हो त्यसकारणले पनि यो सदनमा यति कुरा राख्नु पर्छ भन्ने ठानेर राखेको तर पनि यो जुन ढङ्गले हामीले प्रदेश आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक जुन रुपमा आएको छ यसलाई यो सकारात्मक कुरा हो र सरकारले यसमा पारदर्शिता नियमितता आर्थिक नियमितता या मितव्ययिता या आर्थिक वित्तिय उत्तरदायित्व पुरा गर्ने कुरामा एउटा व्यवस्थित ढङ्गले जुन कानून बनाएको छ यो राम्रो छ भन्ने कुरा राख्दछु र मेरो भनाइ अन्त्य गर्छु धन्यवाद। नमस्कार ।

**माननीय सभामुख**

माननीय श्री धनन्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री धनन्जय दवाडी**

सभामुख महोदय, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधयेकको सैद्धान्तिक छलफलमा आफ्ना भनाइहरु राख्नका निम्ति उपस्थित भएको छु। गण्डकी प्रदेश सभाको छैटौं अधिवेशनको प्रारम्भमै हामीले बजेटको सिद्धान्त र प्राथमिकतामा छलफल गरेका थियौं र त्यो छलफल गरिरहने बेला मैले यहि रोष्टमबाट भनेको थिएं एकिकृत कार्यविधि एकिकृत ऐन बनाउनु पर्ने जरुरी छ भनेर इङ्गित गरेको थिएं। मलाई खुसी लागेको छ यो हाम्रो अर्थ तथा योजना मन्त्रालयले यो विधयेक तयार गरेर अहिले सदनमा आइपुगेको छ। जसका कारणले यो जुन ढङ्गबाट हामीले सोच्ने गरेका थियौं अब यसलाई अरु थप व्याख्या र व्यवस्थित हुंदैछ भन्ने विश्वास लिन सकिने आधार प्राप्त भएकोछ। संघीयता राजनीतिक प्रणाली मात्रै होइन यो आर्थिक प्रणाली पनि हो । आर्थिक प्रणाली भन्नुको अर्थ एउटा सिष्टमको सबसिष्टम पनि हो। आर्थिक प्रणालीलाई व्यवस्थित गर्न सकिएन नियमित गर्न सकिएन भने हाम्रो सिष्टममा हाम्रो प्रणालीमानै प्रश्नहरु उठने गर्छन् त्यो जवाफ दिनुपर्ने हुन्छ। लोकतन्त्र विधिको शासन हो र पारदर्शी शासन हो। लोकतन्त्रमा विधिलाई छोडेर पारदर्शितालाई लुकाएर कसैले पनि कुनै काम गर्न सक्छु भनेर सोच्नु गलत हुन्छ र उठेका प्रश्नहरुका जवाफ दिनु लोकतन्त्रको आफ्नो दायित्व र जिम्मेवारी हुने गर्छ र त्यो जिम्मेवारी दायित्वलाई पूर्ण गर्नमा निमित्त गण्डकी प्रदेश सरकारले यो आर्थिक कार्यविधि ऐन, २०७४ लाई प्रतिस्थापन गरेर यो विधयेक आज सदनमा आएको छ र हामी यसको छलफलमा छौं । संघले पनि आर्थिक कार्यविधि र वित्तिय उत्तरदायित्व ऐन, २०७६ प्रस्तुत गरिसक्या छ त्यसकारणले गर्दाखेरी हामी हाम्रो संघ प्रदेश र स्थानीय तहको वीचको संघीयता अनुकूल हुनेगरी हाम्रा कामहरु हाम्रा व्यवहारहरु हाम्रा विधिहरुलाई कडाइ गर्ने गरी कानून निर्माण गर्न जरुरी छ यस कारणले गर्दा यही कानूनसंग जोडिएर नेपालको संवैधानिक व्यवस्था अन्तराष्ट्रिय अभ्यास त्यो सबैलाई ख्याल गरेर यो विधयेक आएको छ। त्यसकारणले प्रदेशको व्यवस्थापन प्रणालीलाई थप जिम्मेवार बनाउनका लागी यलाई पारदर्शी र जवाफदेही बनाउनका लागी संघ प्रदेश र स्थानीय तहको आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्नका लागि पनि यो ऐनले काम गर्नेछ। यो ऐन आएकोछ त्यसकारणले यो ऐन राम्रो छ भन्न चाहन्छु। प्रदेशको संचित कोषको संचालन स्थानिय तहको वित्तिय विवरण राख्ने व्यवस्था, मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्ने बाध्यात्मक व्यवस्था,

श्रोतको अनुमान र खर्चको सिमा निर्धारणको व्यवस्था विधयेकले गरेको छ ।त्यसकारणले गर्दा यि सवै कुरालाई व्यवस्थापन गरिसकेपछि हाम्रो ऐनले हाम्रो प्रणालीलाई हाम्रो सिष्टमलाई हाम्लाई कार्य प्रणाली मन्त्रालयलाई विभागलाई अथवा हाम्रा स्थानीय कार्यालयहरुलाई काम गर्न सहज ढ्ङ्गले बाटो खुल्ने छ र उनीहरु सहज ढङ्गले काम गर्ने छन भन्ने विश्वास राख्न सकिन्छ । एकल खाता प्रणालीको व्यवस्था छ। परिच्छेद ४ को ६ ले एकल खाता प्रणालीको व्यवस्था गर्याछ। कार्य सम्पादनमा करार सम्झौता गर्ने व्यवस्था गर्याछ। आवश्यकता र त्यसको आवश्यकता र प्रतिफलको सूचक सहित गर्ने व्यवस्था गर्याछ जसले काम प्रतिको उत्तरदायित्व जवाफदेहिता सवैकै खोजेको सवै तहको जिम्मेवारीलाई बांडफांड गर्ने काम भैरह्याछ। रकमान्तर गर्ने वीचमा वजेट रकमान्तर गर्ने वजेट बांडफांड भयो भन्ने आइरहने गुनासोलाई त्यसको सिमा निर्धारण पनि यस विधयेकले गरिदिएको छ । त्यसकारणले अव जहांजहां जे जे लाग्यो त्यहि ढङ्गले रकमान्तर गरेर वजेट खर्च गर्न सकिने अवस्था छैन । अब यो बांधिने व्यवस्था छ। त्यसकारणले यस विधयेकले सार्वजनिक खर्चसंग जोडिएका संरचनागत कानून व्यवस्था संरचनाको व्यवस्था खर्च गर्ने संयन्त्रहरु तिनका ढांचा र परपार्टिहरु खर्च सम्बन्धि नीतिहरु र खर्च व्यवस्थापनका पक्षमा सुधार ल्याउन र खर्चलाई सिमामा राख्न सहयोग पुर्याउंछ यो विधयेक पास भएको छ। क्षेत्रगत रणनीति आवधिक योजना र योजना विच वार्षिक वजेट विचको सम्बन्धलाई बलियो बनाउछ यो विधयेकले बहुवर्षिय आयोजनाहरु कोषको सुनिश्चतताको व्यवस्था गरिने व्यवस्था गरिएको छ राखिएको छ। श्रोतको सुनिश्चतता नभैकन बहुवर्षिय योजनाहरु हुने कारणले गर्दा हामी सबै वजेटका संकटमा हुने त्यसकारणले कुनै पनि बहुबर्षिय योजनाहरुलाई श्रोतको सुनिश्चतताका आधारमा ठेक्कामा लगाउने व्यवस्थाले गर्दाखेरि विधिको काम विधिको व्यवस्था अगाडि जाने कुरामा विश्वास गर्न सकिन्छ। संघको, प्रदेशको, स्थानिय तहको आर्थिक कार्यविधि र वित्तिय उत्तरदायित्वलाई यो विधयेकले व्यवस्थापन गर्याछ र प्रत्येक दिन यसको पारदर्शिता यसको सम्बन्ध जोडिने व्यवस्था गरेकोछ । विधयेको दफाको ३ को १ ले प्रदेशको संचित कोषको व्यवस्था गर्या छ । लेखा नियन्त्रण कार्यालयको व्यवस्था गर्याछ । ५ को १ ले नीति योजना आयोगको आयोगले मध्यकालीन तालिम, खर्च संरचना तयार गर्नु पर्ने वाध्यात्मक व्यवस्था तयार गर्याछ । यस कारणले गर्दाखेरि आर्थिक कारोबारलाई आन्तरिक नियन्त्रण प्रणालीमा

लेखा परिक्षण गर्नु पर्ने, बेरुजुको लागत राख्नु पर्ने, बेरुजु फछ्र्यौट तथा फरकफारक गर्नु पर्ने व्यवस्था पनि गर्याछ। हामीकहां आयोजनाहरु संचालन गर्ने वजेटहरु जाने लामो समय बेरुजु रहने अनि यसको फरकफारक नहुने लामो बजेटको बेरुजुको तख्ता पल्टेर हामीले अनियमितताका धेरै प्रश्नहरु उठाउने गर्याछौं । धेरै प्रश्नहरु भयो भन्ने गर्याछौं । त्यसकारणले यो नहुनका लागी तत् विधिले तत् ठाउंमा जसले पेश्की लिनुभाछ त्यसको फरकफारक गर्ने कुरा जिम्मेवार बेरुजुहरु टुङ्गयाउने कुरा त्यही त्यही विधिलाई निर्धारण गर्ने कुरा गरेर यो विधयेकले व्यवस्था गर्याछ यस कारणले गर्दाखेरी हामी जति धेरै बजेट खर्च गर्छौं वजेटको खर्च गर्ने विधि र कार्यविधिलाई सहज ढङ्गले कार्यन्वयन गर्दैनौं त्यो थुप्रिएर पेश्कीमा बसिरहन्छ। त्यसले हाम्रो शासकीय क्षमता र शासकीय कुशलतालाई प्रदर्शन गर्दैन त्यसकारण यो विधयेकका माध्यमबाट यो ऐनका माध्यमबाट हामीले कानून बनाएर नियमका आधारमा यो करा टुङ्गयाउन सक्छौं। फर्छयौट गर्न सक्छौं। जसले हामीकहां आर्थिक रुपले थुप्रिने फोहरको डङगुर समयमै सफा हुन्छ। थोरै हुंदै सफा गर्न सकिन्छ। तर बर्षौंदेखि थुप्रियो भने त्यसलाई सफा गर्न सकिंदैन समय लाग्छ वा अरु तरिकाबाट सफा गर्नुपर्ने हुन्छ। दफा ४९ ले आर्थिक प्रशासन संचालन गर्दा मातहतमा जांचबुझ गर्न निरिक्षणको व्यवस्था गरियाछ। मातहत कार्यालयहरुको जिम्मेवारीलाई तोकेपछि प्रत्येक मातहतको आर्थिक प्रणालीलाई लेखा प्रणालीलाई व्यवस्थापन गर्ने काम यसबाट भएको छ। यो काम गर्न सकिंदा चाहिं हाम्रो व्यवस्था अर्थ प्रणाली नियमहरु व्यवस्थित हुन्छ यी सबै काम गर्दा खेरी कार्य सम्पादन गर्नु पर्यो । यसको ऐनहरुको कार्यान्वयन गर्नु पर्यो । त्यसलाई प्रभाकारी बनाउनु पर्यो। आर्थिक अनुशासन खोज्नु पर्यो। अनि शासनको सुशासन अनुशासन कायम गर्नका लागी यो सबै कार्य सम्पादनमा सहज र एकरुपता कायम गर्नका निमित्त सरकारी सम्पत्तिको संरक्षण गर्नका लागि पनि यो विधयेकले नियमावली निर्माण गर्नु पर्ने भनी इंङ्गित गर्याछ। त्यस्तो नियमावली ५२ वटा बनाउनु पर्छ। यो विधयेक आइसकेपछि यो विधयेकले इङ्गित गरेका कामहरु तोकिए बमोजिम हुनेछन भनेका कामहरु गर्नका लागी हामीले नियमावली बनाउनु पर्छ। त्यी नियमावली ५२ वटा बनाउनु पर्छ। धेरै नियमावली बनाउनु पर्छ । यति गर्दागर्दै पनि हामी यो विधयेक सदनमा छलफल गरेर यसलाई हामीले पारित गरेर पठाइसकेपछि कार्यान्वयनमा ल्याइसकेपछि हामीले ७४ को कार्यबिधिलाई खारेज गर्छौं प्रतिस्थापन गर्छौं।

त्यहांबाट यो आउने छ र यहि आर्थिक वर्षमा हामीले यी सवै नियमावली पनि बनाएर सक्नु पर्ने दायित्व र जिम्मेवारी सरकारसंग छ किनभने नयां आर्थिक वर्षबाट हामीले फेरी वजेटलाई कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसकारणले आगामी वजेटको छलफल गर्दा त्यसको सैद्धान्तिक र प्राथमिकताका कुराहरु छलफल गरिरहंदाखेरी यो ऐनका आधारमा टेकेर हामीले धेरै पक्षहरुको छलफल गर्ने योजनाहरुको छनौट गर्ने योजना बैंक बनाउने यसको कार्यान्वयनको पाटोलाई हेर्ने काम गर्नु पर्दछ र बहुवर्षिय योजनाहरुका सन्दर्भमा विशेष गरेर संसद र समितिहरुले संसदीय गतिविधिहरुमा हामीले अनुगमन गरेर हेर्दाखेरी यसको सबै पाटा र पक्षहरुलाई केलाउन जरुरी हुन्छ । यसकारणले यो सवैलाई जवाफदेही बनाएकोछ । यो निर्माण गर्नका निमित्त हामी जब भ्रष्टाचारका कुरा कुशासनका कुरा उठाइरहन्छौं भने सवभन्दा धेरै दायित्व पूर्णरुपमा जिम्मेवारी छ। विधायकहरुलाई जस्तै हाम्ले विधि निर्माण गर्छौं त्यो विधायक हामी छौं हामीले त्यसलाई नियन्त्रण गर्ने त्यसलाई सहि बाटोमा लैजाने र सही बाटो देखाउने काम लिन्छ। नीतिगत भ्रष्टाचार हुन नसक्ने गरेर कानून बनाउने दायित्व हामीसंगै हुन्छ। यदि हामीले त्यो कुरा खोलिदिने हो भने हामीले त्यो पक्षमा इङ्गित गर्ने हो त्यतिसम्म गहन छलफल गरेर पेश नगर्ने हो भने यस्ता चिजहरु आइरहन्छन भन्ने ठान्दछु। यि सवै चिज हुंदाहुंदै पनि हामीले बुझ्नु पर्ने नेपालको जुन सामाजिक आर्थिक संरचनामा हामी छौं। जस्तो हिसाबले हाम्रा दलहरु छन। दलहरुका मान्यताहरु छन। दलहरुका आफ्ना दृष्टिकोणहरु छन। ती सबै दृष्टिकोणलाई आधारमा हेर्दाखेरी हामीले त्यी इतिहास प्रति रमाइ राख्यौं। विगत प्रति रमाइराख्यौं। विगतलाई कोट्टयाई राख्यौं। इतिहासले त हामीलाई शिक्षा मात्र दिने हो । इतिहासले हामीलाई सिकाउंछ मात्रै गलत गर्ने सजाय मात्र इतिहासबाट हामीले सिक्न नसक्दा बारम्बार हामीले दण्डित हुनुपर्ने वाताबरण भोगिराख्याछौं। यसकारणले भोलीको पुस्ताले दण्डित नहुने हो भने अहिले हामीले जो इतिहास निर्माण गरिराखेका छौं जो हामीले इतिहास बनाइराखेका छौं जो आज संघीयताको कुरा राख्याछौं संघीयताको कुरा गण्डकी प्रदेशकै नीतिका कुरा गण्डकी प्रदेशकै पक्षका कुरामा हामीले छलफल गर्न पर्छ होला। काठमाण्डौमा पानी पर्दा पोखरामा छाता ओडेर सम्भवत गण्डकी प्रदेशको समृद्धिको यात्रा तय गर्न सकिन्न भन्ने कुरा अनुरोध गर्दै आफ्ना कुरा टुङ्गयाउंछु ।धन्यवाद। नमस्कार ।

**माननीय सभामुख**

माननीय श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री विन्दु कुमार थापा**

सभामुख महोदय, विषय वस्तुमा प्रवेश गर्नु अगाडि नेपालमा कोभिड १९ बाट हालसम्म ३०३८ जना भन्दा बढि व्यक्तिहरुले ज्यान गुमाइ सक्नु भएको छ र विदेशमा पनि नेपालीहरुले त्यतिकै संख्यामा ज्यान गुमाउन परेको अवस्था छ। ती सबै मृतकहरु प्रति म हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु र जतिपनि हस्पिटलहरु आइसोलेसनहरुमा उपचारार्थ हुनुहुन्छ विमारीहरु वहांहरुको शिघ्र स्वास्थ्य लाभको पनि म मेरो पार्टि नेपाली कांग्रेसको तर्पबाट र मेरो तर्फबाट शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। सभामुख महोदय, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक उपर सैद्धान्तिक रुपमा आज हामी छलफलमा जुटेका छौं। गण्डकी प्रदेशको आर्थिक कार्य प्रणाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई विस्थापित गरि संघीय आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ अनुसार देश र स्थानिय निकायले संघको कानून अनुकूल हुने गरी कानून निर्माण गर्नु पर्ने संवैधानिक व्यवस्थाले गर्दाखेरी यो विधयेक गण्डकी प्रदेश सरकारले ल्याउन खोजेको छ। प्रदेशको वित्तिय व्यवस्थापन प्रणालीलाई अझ बढि जिम्मेवार, पारदर्शि र जवाफदेहि बनाउन संघ, प्रदेश र स्थानिय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न पनि यो ऐन ल्याउन खोजेको देखिन्छ। प्रदेश संचित कोष र अन्य सरकारी कोषको संचालन तथा व्यवस्थापन वजेट तर्जुमा निकासा तथा खर्च आर्थिक कोषको लेखाङ्कन तथा प्रतिवेदन आन्तरिक नियन्त्रण तथा प्रदेशको आर्थिक गतिविधिलाई थप व्यवस्थित जिम्मेवार र पारदर्शि र नतिजामुलक तथा उत्तरदायी बनाउनको लागी यो ऐन ल्याउनलाई प्रयास गरेको देखिन्छ । यो ऐनमा थुप्रै समय सापेक्ष राम्रा कुराहरु छन्। एउटात संघीय ऐन अनुसार अनुकुल बनाउनको लागी र यो संघ, प्रदेश र स्थानिय तहको यो आर्थिक क्रियाकलापलाई समन्नवयात्मक हिसावले अगाडि बढाउनको लागि पनि यो ऐन ल्याउन खोजिएको छ। यो विधयेकमा ६२ बुंदाको यस विधयेकमा १९ नं.बुंदामा रकमान्तरण र सोधान्तरको व्यवस्था गरिएको छ र धेरै पहिलादेखि हामीले भन्दै आएको यो दफा १६ मा प्रदेश नीति तथा योजना आयोगमा योजना बैंकको व्यवस्था यो विधयेकमा ल्याउन खोजिएको छ। यसले गर्दाखेरी योजना बैंकको व्यवस्था भैसकेपछि आवश्यकता र औचित्यताको आधारमा पक्का पनि योजनाहरु

छनौट भएर अगाडि बढ्ने छन भन्ने हामीले विश्वास लिएका छौं र त्यस्तै गरेर यो बूंदा २२ मा सम्बन्धित मन्त्री र सचिवले आफ्नो मातहतका योजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मुल्यांकन क्रमश त्रैमासिक र मासिक रुपमा गर्नुपर्नेछ भनेर एउटा बाध्यात्मक व्यवस्था गरेको हुंदाखेरी यसले गर्दाखेरी यो योजनाहरु अलिकति जवाफदेही र पारदर्शि हुन्छन भनेर हामीले विश्वास गर्न सकिन्छ। अन्तमा म के भन्न चाहन्छु भने यो विधयेक असल मन तथा उद्देश्यका साथ आएको देखिन्छ। तथापि ऐन कानूनको छिद्रमा खेलेर कमजोरी देखाएर काममा ढिलासुस्ती योजनाको भुक्तानी र थालनी प्रक्रियामा झन्झटिलो र लेनदेन हुने र विकास निर्माणमा जनताले दुख पाउने पनि भैराखेको हामीले पाएका छौं। यो ऐन कानूनमा राम्राराम्रा कुराहरु आउने तर कार्यान्वयनमा कार्यान्वयनको चरणमा धेरै कमजोरी भैराखेको हिसाबले कार्यान्वयन पक्ष अलि फितलो देखिएको पनि म यहां सम्मानित सभामा अनुरोध गर्न चाहन्छु।

अर्को एउटा कुरा सभामुख महोदय, हामीले यो ऐन हामीले कार्यान्वयन गर्ने सिलसिलामा विधयेक ल्याएकाछौं र यलाई भोलिको दिनमा ऐनको रुपमा अगाडि आउला यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा अरु ऐन कानूनहरुले पनि यसलाई एउटा अन्तर सम्बन्ध राख्ने र अरु ऐन कानूनहरुका कमजोरी अथवा फितलो पनहरुले गर्दाखेरी यो ऐन कार्यान्वयनमा पनि अप्ठेरो आउने स्थिति मैले धेरै ठाउंमा देखेको छु। एक्जाम्पलको लागी जग्गा प्राप्ति ऐन, वन ऐन, सार्वजिनक खरिद ऐन जस्ता धेरै ऐनले विकास र निर्माणमा व्यवधान पुर्याई राखेको हामीले पाएका छौं र यो आर्थिक पारदर्शिता गर्ने गरी यो विधयेक ल्याउन खोजिएकोछ। यो विधयेकलाई पनि ति कानूनहरुलाई पनि समय सापेक्ष हामीले परिमार्जन गर्न सकेनौं संशोधन गर्न सकेनौं भने फेरी पनि भ्रष्टाचारजन्य र कमिशनका कामहरु मौलाउने र यो अहिले पनि हामीले देखिराखेका छौं यो वर्ष पनि वर्षे विकास कायमै हुने हामीले अनुमान गरिराखेका छौं र स्तरीय काम हुन नसक्ने कमसल खालका कामहरुमा भुक्तानी जाने खालका जोखिम पनि त्यत्तिकै रुपमा बढ्ने देखिन्छ र सभामुख महोदय अन्त्यमा हामी यो २०७७ सालको अन्त्यमा अन्त्यमा आएका छौं र यो वर्ष हामीले कोभिड १९ संग लडदै भिडदै हामी यहांसम्म आइपुगेका छौं । धेरै हाम्रो धनजनको पनि क्षति भएको छ र यो २०७८ सालको हामी संघारमा पनि छौं। यो २०७८ सालको उपलक्ष्यमा सम्पूर्ण यो सम्मानित सभामा उपस्थित हुनु भएका सम्पूर्ण माननीयज्यूहरु र

सम्पूर्ण नेपालीहरुलाई उत्तरोत्तर प्रगति सुस्वास्थ्य र दिर्घायुको म शुभकामना दिन चाहन्छु अब यो कोभिड १९ ले अब नयां वर्षमा हामीले तेलाई जित्ने छौं तेलाई पार लगाएर अब हामी यो गण्डकी प्रदेशलाई समृद्ध प्रदेश र एउटा नमुना प्रदेश बनाउन सकौं यही शुभकामना राखेर मेरो आफ्ना भनाईहरु यही टुङ्गयाउन चाहन्छु। धन्यवाद। जयनेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री विनोद के.सी.**

सभामुख महोदय, हामी आज यो गण्डकी प्रदेशको आर्थिक मामिला मन्त्रालयले ल्याएको प्रदेश आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व सम्बन्धमा बनेको विधयेकको हामी सैद्धान्तिक छलफलमा छौं। सर्वप्रथम त म लगायत मेरो यो दल नेकपा माओवादी केन्द्रले यो विधयेकको हामी पूर्ण समर्थन गर्न चाहन्छौं। किनभने यो अर्थ भनेको विशेष गरि मानव जीवनको एउटा महत्वपूर्ण साध्य त हैन साधनको रुपमा हुन्छ। यो विशेष गरी सरकार जो संचालन हुन्छ सरकारले आफूले बनाएका विभिन्न खालका योजनाहरु विभिन्न खालका आफ्ना योजनाहरु कार्यान्वयन गर्ने सिलसिलामा यसको महत्वपूर्ण भूमिका रहन्छ र यसले नै त्यो सरकारको योजनालाई कार्यान्वयनको एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्छ यो अर्थ विना सरकारलाई कुनै पनि नीति तथा कार्यक्रम अगाडि बढन सक्दैन। त्यसको लागी विशेष गरि हाम्रो तीन तहका सरकारहरु छन्। जो केन्द्रिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार यो तीन तहका सरकारहरुमा खर्च प्रणाली आ-आफ्नो किसिमको भएतापनि हामी विशेषत गरी राजनिति गर्ने व्यक्तित्वहरु नेताहरु सरकारहरुलाई अघिल्लो विभिन्न चरणमा आइसक्यो। धेरै आरोप प्रत्यारोपले अर्थ मै रहने र यसैका टिका टिप्पणीमा सरकार गुज्रीने जुन यो अवस्था छ आम नेपालीहरुले आम जनताले सरकार प्रति वा जनप्रधिनिधि प्रति औंल्याइरहेका हुन्छन। त्यसलाई एउटा मितव्ययिता पारदर्शिता बनाउनलाई यो ऐन आएको छ यो महत्वपूर्ण छ भन्ने मलाई लाग्छ । विशेषत गरी यो यसको ५९ वटा यो पेजमा बुंदामा यसका उहरु आएका छन यसलाई हामी विशेषत विधायन समितिसंग हामी दफावार छलफलमा जाने छौं । विशेषत गरी यो ऐन जुन

आएकोछ मलाई लाग्छ एउटा कुनै पनि एउटा किसान सिंचाई खेती गर्न चाहन्छ भने जहां खेति गरेर मात्र हैन त्यहां राम्रो सिंचाइ पुग्यो भने त्यहां राम्रो तरिकाले पानी व्यवस्थापन भयो भने त्यो सिंचाइले राम्रो उर्वर अन्न दिन्छ त्यसले राम्रो उत्पादन दिन्छ भन्या जस्तै सरकारले बनाएका नीति तथा कार्यक्रमहरुमा यो वजेट समावेशी, समानुपातिक प्रणाली तरिकाले राम्रो तरिकाले भए हुन्थ्यो तर मितव्ययिता खर्च भयो र पारदर्शिरुपले सरकारले संचालनमा ल्याएर आफ्नो पारदर्शिता देखाउन सक्यो भने तेले राम्रो एउटा प्रतिफल दिने जनताले विश्वास गर्ने र जनताको पक्षमा काम हुने देखिन्छ। त्यसै गर्नको लागी पनि यो विधयेक अझ सजिलो बनाउनको लागी सरकारले ल्याएको हो भन्ने मलाई लागेको छ र यसमा विभिन्न खालका सरकारका धारणाहरु आएका छन त्यसैमा हामीहरु दफावार छलफलबाट पक्कै पनि यहां जान्नेनै छौं र विशेष गरी मैले फेरी पनि भनें यो संघीय प्रणाली अलि खर्चिलो प्रणाली भनेर हामीलाई एउटा विभिन्न खालको एउटा जनताबाट आवाज आउने गरेको छ। यो खर्च खर्च त हुंदै हो तर मलाई लाग्छ यो खर्च संगसंगै जनतालाई छिटो र सजिलोसंग सेवा दिने एउटा प्रणाली भएको हुनाले यो प्रदेश सरकारमा रहेको हाम्रो खर्च छिटोभन्दा छिटो जनतासंग लैजाने र हाम्रो जे जति चालु खर्च छन हाम्रो सम्पन्न गर्न नसक्ने खालका जुनखालका हाम्रा तिता अनुभवहरु छन तिनलाई छिटो सम्पन्नमा लैजाने र त्यसले सवै सम्पन्न भैसकेपछि फेरी त्यो खर्च पारदर्शी बनाउने जुन कुरा छ त्यो महत्वपूर्ण नै छ । त्यतिमात्र हैन हामीसंग भएका विभिन्न खालका उत्पादनहरु स्थानियस्तरमा विभिन्न क्षेत्रमा रहेका राजस्वहरु संकलन गर्ने र फेरी सरकारको ढुकुटीमा ल्याएर फेरी त्यसलाई जनताको पक्षमा लैजाने पनि महत्वपूर्ण यसमा यसको उत्तरदायित्व रहन्छ त्यसमा पनि मैल पक्कै पनि आफ्नो बुंदा राखेको देखेको छु र हाम्रो प्रदेशमा विभिन्न ठाउंमा विशेष गरी योजनाहरु बन्ने नियम कानून अलिकति राम्रो नबनेका र धेरै ठुलो बेरुजु हुने र त्यो बेरुजु नियत सफा हुंदाहुंदै पनि काम गर्ने वेरुजु ठुलो रहने त्यही हामीलाई चाहिं महालेखा लेखा समितिले औंलो ठड्याउने बाटो रहेछ। त्यसलाई सजिलो बनाउनलाई यो बेरुजुहरु उठाउने विभिन्न खालको यो माग राखेको पक्कै पनि छ होला यसमा पनि हामी विभिन्न कोणबाट छलफल गर्नेनै छ । मलाई पक्कै पनि आशा र विश्वास छ। यो विधयेक अझ छिटो आउनु पर्थ्यो हामी ३ वर्षको कार्यकालमा हामी अलि ढिलो गरी आएको छ तर सम्पूर्ण विधयेक हो भन्ने मलाई लाग्छ र यो विधयेक हामी सबै माननीयज्यूहरुले

हामीहरुले अक्षरस यसको अध्ययन गरेर राम्रो सल्लाह सुझाव हामी दफावार छलफलमा दिनेनै छौं भन्दै यो विधयेकको म पूर्ण समर्थन गर्दै मेरो भनाई अन्त्य गर्छु। धन्यवाद। नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्य श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री राजीव पहारी**

माननीय सभामुख महोदय, माननीय योजना तथा आर्थिक मामिला मन्त्री आदरणीय किरण गुरुङले हिजो यो सम्मानित सभामा टेबुल गर्नु भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको सैद्धान्तिक छलफलमा नेकपा एमालेको तर्फबाट प्रतिनिधित्व गर्दै आफ्ना धारणाहरु यो विधयेक माथि यहां राख्न उपस्थित भएको छु। माननीय सभामुख महोदय तपाईं हामी सबैलाई सर्वविद्धित भएकै कुरा हो अहिले गण्डकी प्रदेशमा माननीय मुख्यमन्त्री पृथ्वी सुव्वा गुरुङको नेतृत्वको जनताको सरकारले समृद्ध गण्डकी प्रदेश र सुखी जनताको लक्ष्य र उद्देश्यलाई सफलिभूत पार्नको निम्ति समग्र प्रदेशको सन्तुलित र समन्वयात्मक विकासको निम्ति तिव्र गतिले अगाडि बढिरहेको छ र सरकारको अर्जुन दृष्टिनै प्रदेशका हरेक क्षेत्रमा अंगमा आर्थिक पारदर्शिता सुशासन कायम राख्दै भ्रष्टाचार रहित शुन्य सहनशिलता मितव्ययिता र विधि प्रकृयालाई पूर्णत आत्मसात गर्दै जवाफदेही, जनउत्तरदायी, सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने एकमात्र उद्देश्य लक्ष्य र ध्यय लिएको छ र त्यही अनुसार सरकार अगाडि बढिरहेकोछ र जनताले पनि आफ्ना दैनिक जनजीवनमा प्रत्यक्ष रुपमा त्यो कुरालाई अनुभूत गर्दै मात्रै होइन परिणाममै उपयोग गर्न पाइरहेका छन्। माननीय सभामुख महोदय, अत्यन्त मेहनत गरेर यथार्थताको जगमा उभिएर पेज १ देखि २९ परिच्छेद १ देखि १० सम्म यो विधयेकको परिभाषा किन ल्याएको हो ? प्रदेशको संचित कोषको संचालन एकिकृत वित्तिय विवरण कसरी संचालन गर्ने देखि बजेटको निकास खर्च र नियन्त्रण देखि बेरूजु कसरी उठाउने ? दण्ड सजायको व्यवस्था सहितका कुराहरुलाई समेटेर ल्याउनु भएकोमा राजनैतिक र शासकिय क्षमताले खारिनु भएका आर्थिक योजना मन्त्री किरण गुरुङ र प्रदेश सरकारलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यो विधयेकको प्रदेशको समृद्धिको निम्ति प्रमुख कडीको रुपमा रहेको आर्थिक अनुशासनलाई थप व्यवस्थित गर्न आवश्यकता मात्र होइन अनिवार्य रहेको छ। जुन कुरा यो विधयेकको उद्देश्य कारण र प्रस्तावनामानै प्रष्ट पारिएको छ। प्रदेशको आर्थिक गतिविधिलाई व्यवस्थित गरी प्रदेशको वित्तिय व्यवस्थापन

प्रणालीलाई जिम्मेवार पारदर्शि नतिजामुलक तथा उत्तरदायि बनाउन समग्रमा आर्थिक स्थायित्व कायम गर्न र प्रदेशको आर्थिक कार्य नियमित तथा व्यवस्थित गर्नको निम्ति यो विधयेक आएको छ। संघीय संसदले बनाएको कानून अनुकूल हुने गरी प्रदेश तथा स्थानिय तहले कानून निर्माण गर्नु पर्ने नेपालको संबैधानिक व्यवस्था अन्तराष्ट्रिय प्रचलन र अभ्यास अन्तर्गत यो आएको छ।

माननीय सभामुख महोदय यो विधयेक पारित भएर लागु भएको विधयेकाको प्रस्तावनामा भने जस्तै प्रदेशको वित्तिय व्यवस्थापन प्रणालीलाई व्यवस्थित पारदर्शि जिम्मेवार नतिजामुलक तथा उत्तरदायि बनाउन मार्ग निर्देशन गर्नेछ । आर्थिक वर्षको अन्तिम महिनामा विनियोजित बजेटको उल्लेख्य प्रतिशतको खर्च हुने प्रवित्तिलाई निरुत्साहित गर्ने छ। यो विधयकको मुल मकसदनै सरकार आफु पनि गल्ति नगर्ने र अरु जो कोहिले गल्ति गरे पनि कानूनी कारवाहीको दायरामा ल्याउने जुन उद्देश्य छ त्यसको जति प्रशंसा गरे पनि कमै हुन्छ। माननीय सभामुख महोदय मैले यो सम्मानित सभाको पोडिएमबाट बोलिरहेको बेला हिजो होकी आज हो मैले ठ्याक्कै बिर्सिएं। एकजना विद्धान माननीयज्यूको अनुहार झल्झली यहांबाट देखिरहेको छु। तर जति सम्झन खोजेपनि नाम आएन तर वहांले भनेको कुरा मेरो मानसपटलमा याद आइरहेको छ। सम्झिरहेको छु। जुनसुकै सार्वजनिक पदमा होस् जनताबाट निर्वाचित भएर राज्यको महत्वपूर्ण पदमा बसेको व्यक्ति जसले पदको दूरुपयोग वा गलत क्रियाकलाप गरेर सम्पत्ति आर्जन गरेको कुराको राज्यका आधिकारिक न्यायिक अर्धन्यायिक वा सम्बैधानिक निकायबाट प्रमाणित भएर जेल जिवन विताएर दण्ड सजाय भोगेर निस्कदा त्यस्ता व्यक्तिलाई महापुरुष र महामानब जस्तो गरेर पार्टिको नाममा जयजयकार गर्दै ठुल्ठुला माला लगाएर लावालस्कर सहित बजार परिक्रमा गर्ने गतिविधि काम नगरे भए दोषिलाई प्रोत्साहित गर्ने काम नगरेको भए भ्रष्टाचार नियन्त्रण गरेर दण्डहिनता अन्त्य गर्न समाजमा र राज्यका हरेक अंगमा सुशासन स्थापना गर्न यो प्रदेश सरकारले यति धेरै मेहनत गर्नु पर्ने थिएन र विधयेक पनि ल्याउनु पर्ने थिएन। माननीय सभामुख महोदय १०० भारी खर काटने खर डढाउनेलाई एकै ठाउंमा राखेर गोलमोटल कुरा गर्नु हुंदैन । राज्यले दोषी ठहरये कानूनी कारवाही भोगीकेका व्यक्तिहरुका बारेमा जो कोहिले बोलिरहनु भन्दा सम्मानित सभामा बोल्नेलाई भन्दा सुन्नेलाई अप्ठयारो र कठिन हुंदोरहेछ। जुन माननीयज्यूहरुलाई पनि म जस्तै गरि अनुभुति गर्नु भएकै होला। राज्यका न्यायक निकाय र अड्डा अदालतमा विचाराधिन मुद्दामा आफै वकिल आफै न्यायाधिश भएर फैसला सुनाउने विद्धान माननीयको अभिव्यक्ति माथि टिप्पणी गरेर म यो महत्वपूर्ण समय खर्च गर्न चाहन्न। माननीय सभामुख महोदय जुन गोरुको सिङ छैन उसको नाम तिखे भने जस्तै जुन पार्टि विगतमा संघीय संसदमा भ्रष्टाचारी भएर कारवाहीको सजाय भोगिसकेका

व्यक्ति पनि निर्वाचनमा भागलिन पाउनु पर्छ भनेर वकालत गरेर संघीय संसद नै अवरुद्ध गरेको पनि धेरै भएको छैन। ३/४ वर्ष अगाडिको मात्र हो। खैर म त्यतातिर जान चाहन्न। माननीय सभामुख महोदय हिजो संघ वा गण्डकी प्रदेश सरकारले किन नहोस आर्थिक अनुसाशन पारदर्शि र सुन्य सहनशिलतालाई आत्मसात गर्दै जवाफदेहिता र जनउत्तरदायित्वलाई बोध गर्दै आर्थिक अनुशासनलाई कडाइका साथ अवलम्बन गर्दै काम गरेकोले नै कोभिड १९ भन्दा अगाडिको विश्वव्यापी सुचाङ्कमा विधिको शासनको सुचाङ्कमा नेपाल २ स्थान माथि उठेको छ र गतवर्ष भन्दा यस वर्ष क्रमश माथि जांदैछ । विश्वका १२६ देशहरु मध्ये नेपाल ५९ औं स्थानमा रहेको छ। त्यस्तै भ्रष्टाचार नियन्त्रण र पारदर्शिता सम्बन्धि सुचाङ्कमा क्रप्सन इण्डेक्समा नेपाल ११ औं स्थान माथि चढेको छ र १२४ औं स्थानबाट ११३ स्थानमा आइपुगेको छ। आर्थिक बृद्धिदर पनि कोभिड १९ भन्दा अगाडि ७.१ परसेन्ट रहेको थियो। माननीय सभामुख महोदय के जनता वा के नेता अरु केके भन्दैमा मुलुकको विकास र समृद्धि भ्रष्टाचार निर्मुल हुंदोरहेनछ। कुनैपनि राजनैतिक पार्टिले वा नेतृत्वले वा राज्यको मुलुकको शासन प्रशासन संचालन गर्ने जिम्मेवारी पाउंदा सुशासन भ्रष्टाचार नियन्त्रण र दण्डहिनता अन्त्य गर्न कस्ता कानून निर्माण गरेर त्यसलाई प्रभावकारी कार्यान्वयन गर्ने भन्नेसंग जोडिएको हुंदो रहेछ। नेपालमा जय भनेर पनि देशको जय भनेर मात्र हुंदो रहेनछ। माननीय आर्थिक तथा योजना मन्त्री किरण गुरुङले समग्र प्रदेशको आर्थिक गतिविधि तथा वित्तिय व्यवस्थापन प्रणालीलाई जिम्मेवार बनाउन जुन यो विधयेक टेबुल गर्नुभको छ म यसको चाहिं नेकपा एमाले तर्फबाट पूर्ण समर्थन गर्न चाहन्छु र अन्तिममा अहिले धेरैको कुराहरु आइरहेका छन्। यी आइरहंदा मलाई म एउटा सानो कविता यहां बाचन गरेर मेरा भनाईहरु टुङ्गयाउन चाहन्छु।

गण्डकी प्रदेशमा दिन दूई गुना रात चौगुनाको दरले विकास भाको छ ।

जनताको हरेक समस्याको सहज निकास भाको छ ।

सरकारले आर्थिक अनुशासन र पारदर्शिता कायम गर्न यो विधयेक ल्याकोछ ।

आर्थिक अनुशासन र विकास नचाहनेको मनमा विधयेक ल्याउंदा छटपटि पिडा डाहा र जलन हुनेनै भाको छ ।

धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री कुमार खड्कालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सदस्य श्री कुमार खड्का

माननीय सभामुखज्यू, आज हामी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेको छलफलको क्रममा छौं । अझ यसलाई नियालेर भन्दा आर्थिक कार्यविधि ऐन प्रतिस्थापित भएर जुन नयां ऐन आउन लाईरहेको छ। अधिवेशनको प्रारम्भमा माननीय मुख्यमन्त्रीज्यूले भ्रष्टाचारको मुद्दालाई बहुत व्यापक रुपमा उठाउनु भयो। देशको सर्वैभन्दा ठुलो समस्यालाई उहांले सम्बोधन गर्नु भएको छ । त्यसैको सेरोफेरोमा फेरी त्यस्तैं कुरासंग सम्बन्धित एउटा विधयेक पनि आएको छ र त्यही विधयेकको छलफलमा हामी छौं। बहस माननीय मुख्यमन्त्रीज्यूको माननीय सदस्यज्यूहरुको बहस सुन्दाखेरि भ्रष्टाचार आर्थिक दुरुपयोग समस्या होइन। जो मान्छे थुनिए ती भ्रष्ट हुन जो मान्छे थुनिएनन ती भ्रष्ट होइनन् भन्ने कोणमा हामीले बहस गरिरहेका छौं। नेपाली कांग्रेसका थुप्रै नेताहरु भ्रष्टाचारको मुद्दामा पर्नु भएको छ जेल जानुभएको छ। म बहुत साहस गरेर यो मञ्चलाई उपयोग गरेर भन्छु कैयौं त्यस्ता नेताहरु हुनुहुन्छ होला जो भ्रष्टाचार गर्नु भएको छ तर जेल जानु भएको छैन । यसको अर्थ वहांहरु इमान्दार हो भनेर हामीले व्याख्या गर्दै गयौं भने यसले हामीलाई गलत बाटोमा लैजान्छ। कल्पना गरौं न हाम्रो पार्टिको नेता हुनुहुन्छ जग्गा दलाल बन्नु हुन्छ। बालुवाटारको जग्गा बेच्नु हुन्छ। त्यो जग्गा वेचेर थुनिनु पर्छ भनेर नाबालाक छोराका नाममा चाहिं जग्गा दर्ता गर्नु हुन्छ। त्यो भन्दा किर्तध्न र निकिर्ष्ट काम के हुन्छ? जल गए छोरो जाला त्यो नाबालिक अनि त्यो जग्गा फिर्ता दिएर भ्रष्टाचारको आरोपबाट उन्मुक्ति पाउने। उहां दोषी हो निर्दोष हो त्यसको व्याख्या गर्ने काम अदालतको होला। तर मेरो मनमा उव्जीएको प्रश्न के हो माननीय सभामुखज्यू भने वहां यदि दोषी हो भने जग्गा फिर्ता दिएर कसरी उन्मुक्ति पाउनुहुन्छ? यदि वहांको रगत पसिनाले कमाएर कमाएको सम्पत्ति हो अझ त्यो नाबालक छोराको सम्पत्ति हो भने त्यो सम्पत्ति राज्यले कसरी फिर्ता गर्न मिल्छ ? उनको आफ्नो रगत पसिनाले कमाएको कमाइ । ओम्नीका नाममा भ्रष्टाचार भो कात्रोमा पनि भ्रष्टाचार भो भनेर हामीले धेरै चर्चा गयौं। आज त्यी मान्छेहरु जेल भन्दा बाहिर छन्। इमान्दार हुनत? यति होल्डिङ्गसमा ७० करोड आर्थिक अनियमितता भयो। जेलमा छैनन् ती इमान्दार हुनत? आफ्ना पार्टिका कार्यकर्तालाई संरक्षण गर्ने, उनका अपराधलाई उन्मुक्ति दिने अनि हामीले ति मान्छेहरु चाहिं निर्दोष हुन इमान्दार हुन भन्दै हिंडने कुराले हामी कति अगाडि बढछौं ? मेरो निवेदन के छ त भन्दाखेरि भ्रष्टाचार गरेका छन। विष्णु पौडेलजीको नाम लिंदाखेरी विष्णु पौडैलजीले गर्नु भएको अनियमिततालाई यदि मैले विष्णु पौडेलले भ्रष्टाचार गर्नु भएका कारणले गर्दा यदि सावित हुनुभयो भने एमाले पार्टि भ्रष्टाचारी पार्टि भनेर भन्यौं भने त्यो भन्दा दुर्भाग्य केहि हुन सक्दैन। थुप्रै इमान्दार कार्यकर्ताले

रगत पसिना दिएर बनाएको पार्टि हो नेकपा एमाले। थुप्रै जनताले जनताका छोराहरुले आफ्नो रगत पसिनाको आहुति दिएर बनाको पार्टि हो नेपाली कांग्रेस। मञ्चमा उभिएर एकजना व्यक्ति २ जना व्यक्ति ४ जना व्यक्तिले गरेका आर्थिक अनियमितताका कारणले गर्दा यिनलाई इतिहास बोकेका पार्टिलाई भ्रष्ट पार्टि हो भनेर भन्दा के कृष्ण प्रसाद भट्टराईलाई पनि तपाई भ्रष्ट भन्ने? तपाई मनमोहन अधिकारीलाई पनि भ्रष्ट भन्ने? तपाईले मदन भण्डारीलाई पनि भ्रष्ट भन्ने? तपाईले विपी कोइरालालाई पनि भ्रष्ट भन्ने? हामी कस्तो मार्गको अनुसरण गर्न लागेका छौं ? तसर्थ अलिकति सार्थक बहस गरौं भन्ने मेरो अनुरोध । हामीले त देख्यौं नी त हवाइटबडिमा सत्ता पक्षका मन्त्रीले भ्रष्टाचार गरे भनेर कसले भने बर्तमान मन्त्रीले भने त्यहि पार्टिका नेताले भने। सार्वजनिक लेखा समितिले अख्तियारलाई यि मान्छे भ्रष्टाचारी हुन यिनलाई कारवाही गर कारवाही आर्थिक अपराधको मात्र होइन पैसा खाएको मात्र होइन स्वाब संकलन गर्ने, कोरोनासंग रिलेटेड मेडिकलको समानमा भ्रष्टाचार गरेको हुनाले मानवता विरोधको अपराधमा पनि कारवाही गर भन्ने खालका कुरा गरेको छ। तसर्थ भ्रष्टाचारी भ्रष्टाचारी हुन्छन्। कांग्रेस हुंदैनन, एमाले हुंदैनन, माओवादी हुंदैनन, जनमोर्चा हुंदैनन। मैले त अझै यहां के भन्छु भन्दा कुनै पनि पार्टिमा भ्रष्टाचारी हाम्रो पार्टिमा छैनन् भनें भने त्यहां दुइटा कुरा हुन सक्छ । एउटा कि झुटो बोलेको छ कि उसले भ्रष्टाचार गर्ने अवसरै पाको छैन। तसर्थ समस्या भ्रष्टाचार हो भने भ्रष्टाचारलाई नै प्रहार गरौं। भ्रष्टाचारीलाई प्रहार गरौं । सिङ्गो रुखमा १/२ वटा फल कुहियो भन्दैमा रुखलाई दोषी देखाउने प्रवृत्ति गलत छ। विशेश्वर प्रसाद कोइराला दोषी १७ सालको काण्डमा महेन्द्र निर्दोष भन्ने अभिव्यक्ति हामीले केशरजंग रायमाझीबाट सुनिसकेका छौं। माननीय पृथ्वी सुव्वाबाट सुन्न पर्दैन। योत केशरजंग पथ चाहिं कोकोले अपनाउनु भाछ आफुलाई उदघोष गर्ने कुरा मात्र हो। विशेश्वर प्रसाद कोइरालालाई, पुष्पलाललाई, मनमोहन अधिकारीलाई, कृष्ण प्रसाद भट्टराइलाई, मदन भण्डारीलाई, सुशिल कोइरालालाई रोलमोडल नमान्ने गोविन्दराज जोशीलाई, जय प्रकाश गुप्तालाई, विष्णु पौडेललाई, ईश्वर पोखरेललाई गोलमोडेल मान्ने प्रबृतिले राजनीतिलाई सकारात्मक मार्गतिर लैजादैन। यहि कुरा मैले यहां निवेदन गरें। मुख्यमन्त्रीजी प्रारम्भदेखि शिष्ट शालिन अभिव्यक्ति दिइराखु भाको छ। कहिलेकहिले हामीलाई पनि ओहो यस्तो वेलामा हामी भएको भए एकदम कडा बोल्थ्यौं होला भन्ने लाग्दा फेरि पनि मुख्यमन्त्रीले आफ्नो संयम र शिष्टता कहिलेपनि गुमाउनु भएन। वहांका अभिव्यक्ति जहिले पनि अहिले हामीले यहां भनिएन होला संसदीय दलमा छलफल गर्दा हाम्रा मुख्यमन्त्री अत्यन्त शिष्ट, सभ्य, शालिन एउटा सच्चा अभिभावकको रुपमा उहां प्रस्तुत हुनु भएको छ । माननीय सभामुखज्यूको र माननीय मुख्यमन्त्रीज्यूको हामीले मुक्त कण्ठले प्रशंसा गरौं। अहिले अधिवेशनको

प्रारम्भमा मलाई प्रारम्भ देखि त्यो बनावटी बनावटि जस्तो लाईराखेको छ सभामुख महोदय । अब खुल्छ पछ्यौरा अब झर्छ पछ्यौरा अब झर्छ नकाब भन्दा भन्दा ३ वर्ष भो मै गल्ति छु कि भन्ने लाएको। कागले बकुल्ला जस्तो भएर रंग पनि त्यस्तै धारण गर्या बोली पनि त्यस्तै बोल्ने स्वभाव पनि त्यस्तै गर्ने शिष्टता पनि त्यस्तै गर्ने गरिरा। जव ठुलो बर्षा भयो। वर्षाले रंग पखालिदियो संकट हुंदाखेरी फेरी उहि काउंकाउं थाले जसरी आफ्नो प्राकृतिक रुपमा आफ्नो स्वभाविक रुपमा स्वभाविक स्वरमा आए जसरी आएको हामीले देखेका छौं। तसर्थ यसमा चित्त दुखाउननी आवश्यक छैन। बुर्कुसी मारेर उफ्रिन पनि आवश्यक छैन। दुई जना माननीय मन्त्रीहरुले राजीनामा दिनुभएको छ । दुइटा पद खाली भएको छ। ईच्छा छन् अख्तियार अब हामी हिन्दु धर्मावलम्वी तिहारमा माग्न जानु पर्यो भने देउसी खेल्न पर्छ भैलो खेल्न पर्छ। भाका मिलाएर प्रशंसा गर्न पर्छ। मन्त्रीको भाका मन्त्रीको देउसी मन्त्रीको भैली यहां चलेकोछ। हाम्रो शुभकामना छ माननीयज्यूहरुलाई। दिन २ गुना रात चौगुनाले पुग्दैन । दिन १०० गुना रात २०० गुना, दिन ५ लाख गुना रात १० लाख गुना जसले बढि भन्यो त्यसैले उछिट्याउने स्थिति छ तसर्थ यथार्थमा भन्दा पनि त्यसरी जाने हो भने मैले पनि यहांहरुलाई चाहिं त्यो अनुरोध गर्न चाहन्छु। माननीय सभामुखज्यू पाकिस्तानमा एउटा शासक रहे यायाखां भन्ने उनले राष्ट्रका नाममा सम्बोधन गरे उनले भने (माननीयज्यूले अंग्रेजीमा बोल्नु भएको) संविधानका धाराहरु ऐनका दफाहरु मेरा आदेशसंग बाझिए भने बाझिएका हदसम्म ती खारेज हुन्छन्। केन्द्रको नेतृत्व त्यही बाटोमा हिंडेको छ हैन ? मैले भनेका कुरा आदेश हो पार्टिको विधान केहि पनि होइन मैले भनेको पुरा आदेश लागु हुनुपर्छ पार्टिको संविधानको देशको केही पनि होइन भनिएको छ। यो मैले यहां किन भनिराखेको छु भने आर्थिक कार्यविधि ऐनमा यो गण्डकी प्रदेश सरकारले पनि त्यहि बाटो समातिराको छ। आर्थिक कार्यविधि ऐनले आर्थिक सुशासन कायम राख्नको लागि देशको सम्बिधानले के भनेको छ भन्दाखेरी सरकारले काम गर्छ पैसा खर्च गर्छ । त्यसको लेखाजोखा परिक्षण महालेखा परिक्षकले गर्छ। त्यसले दिएको प्रतिवदेनमा बेरुजु फर्छ्यौट समितिले आन्तरिक परिक्षण गर्छ । त्यस पछाडि सार्वजनिक लेखा समितले त्यो प्रदेशको वा केन्द्रकोले त्यसलाई बरुजु वा बेरुजु गर्छ भनेर त्यो अधिकार दिएकोछ । आर्थिक कार्यविधि ऐनको, २०७४ को दफा ३९ को उपदफा १ ले त्यो तपाइहरुले ल्याउनु भएको हो । के भन्यो भन्दाखेरी सामान्य प्रकृयाबाट फर्छ्यौट हुन नसकेका बेरुजुहरु फर्छ्यौट गर्नलाई बेरुजु फर्छ्यौट समिति गठन गरिने छ भन्नु भयो त्यसमा तपाइहरुले कस्तो समितिको व्यवस्था गर्नु भयो भन्दाखेरि सार्वजनिक लेखा समिति गण्डकी प्रदेशको तोकेको सदस्य त्यसको अध्यक्ष हुने अनि सार्वजनिक लेखा समितिको समिति सचिव त्यसको सदस्य सचिव हुने भनेर व्यवस्था गर्नु

भयो। तीन वर्ष जांदा सम्म तपाइले त्यो समिति बनाउनु भएन। तपाईंका बेरुजुका संख्या अबौंमा पगेका छन् । तपाईंका वजेट अरवमा छन् तपाईका बेरुजु पनि अरबमा छन । तपाईले अनि आर्थिक सुशासन कायम गरें, मैले आर्थिक उत्तरदायित्व र आर्थिक जवाफदेहिता पुरा गरें भनेर कसरी पत्याइदिने माननीय सभामुखज्यू? अस्ति भर्खरै सार्वजनिक लेखा समितिले पत्र लेख्यो भन्यो ३९ को १ मा यस्तो समिति छ अनि मैले प्रस्तावित फेरि चाहिं त्यो प्रस्तावित विधयेकमा हेर्दाखेरि विधयेकमा पनि ठ्याक्कै त्यहि व्यवस्था रहेछ। त्यो परिवर्तन गर्न खोजेको छैन सरकारले त्यहां सार्वजनिक लेखा समितिको सचिव सचिव हुने व्यवस्थालाई त हटाई दिएकोछ प्रदेश लेखा नियन्त्रकको सातौं र आठौं तहको मान्छे ल्याएको छ त्यो पनि सैदान्तिक रुपमा त्यो त छैन हामी दफावार छलफलमा कुरा गरौंला। त्यो धेरै ठुलो चिन्ताको विषय छैन। यसरी बेरुजु फर्छयौट समिति किन गठन नगर्नु भाको (सभामुख माननीय सदस्य समय सिद्धियो )भनेर हामीले भन्दाखेरी समिति गठन भारैछ गठन कस्को अध्यक्षतामा भएको छ त भन्दाखेरी मुख्य प्रमुख सचिवको अध्यक्षतामा भएको रहेछ। ऐनले भन्छ सार्वजनिक लेखा समितिको सदस्यलाई अध्यक्ष बना भन्छ। सम्बिधानले भन्छ तेरो चाहिं बेरुजुलाई रुजु गर्ने काम भनेको सार्वजनिक लेखा समितिको हो भन्छ। तर यो सरकार भन्छ म मान्दिन यो संविधानलाई म चिन्दिन सार्वजनिक लेखा समितिलाई म चिन्दिन ऐनलाई म चिन्दिन कानूनलाई (सभामुख माननीय सदस्य समय सिद्धियो ) आफैले बनाको ऐनलाई म चिन्दिन भनेको छ तसर्थ त्यतातिर संविधानको वर्खिलापमा ऐन ऐनको वर्खिलापमा काम गर्ने कुरा गलत छ यलाई सच्चयाएर अगाडि बढौं। धन्यवाद। जय नेपाल ।

**माननीय सभामुखः** माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सदस्य श्री कृष्ण थापा

माननीय सभामुख महोदय, मैले आफ्नो भनाई ४ वटा शव्दबाट शूरु गर्न चाहन्छु। हावा नचली पात हल्लिंदैन। केहि न केही भएर नै केही न केही भएको हो । प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक सन्दर्भमा हामी छलफल गर्न गइरहेका छौं। यसको सैद्धान्तिक पक्षमा मैले छोटो धेरै छोटो नै छलफल आफ्नो छलफल अगाडि बढाउन चाहन्छु। यस विधयेकको धारा १९ मा रकमान्तर र सोधानान्तर भन्ने व्यवस्था यहां भएको छ। अब हिजोका दिनमा यो रकमान्तर र सोधानान्तरले नभएको पनि हुने नभएको पनि नहुने अब इतिहास त्यो छ । मलाई लाग्छ यो विधेयकले त्यसो हुन नदिनका लागि अलि बढि खुल्न पर्छ जस्तो मलाई लाग्छ।

अब आर्कोतिर मैले हाम्रो विधयकको बेरुजु र सजाय सन्दर्भमा मैले हेरें बेरुजु सम्बन्धमा के लेखरेको रहेछ भने जायज्यथाबाट उपर गर्ने भन्ने यहांछ। सजायमा के गर्ने भन्ने हेर्यो भने ऐन अनुसार गर्ने भनेको रहेछ। मलाई लाग्छ यो सजिलो तरिका अपनाएछ । ऐन पनि  रहेछ अनी भने गर्ने भन्ने यसलाई अलि ठुलो अलि व्याख्यात्मक रुपले कुन प्रकारको सजाय कुन किसिमको क्रियाकलाप भन्ने कुरा यसले उल्लेख गर्न पर्छ र यो बेरुजुमा जाय ज्यथा भन्ने छ जायज्यथा नभएको व्यक्तिको बेरुजु के हुन्छ? के गर्ने त्यो मान्छेको ? व्यक्तिलाई वा संस्थालाई यो विषयमा अलिकता उल्लेख हुन पनि आवश्यक छ र मलाई लाग्छ यो आर्थिक विधयेक यो भनम न प्रदेश आर्थिक ऐन, २०७४ आयो र यलाई यो विधयेकले विस्थापन गरेकोछ र विस्थापनले नै के बताउंछ त भने हामी एकदम कमजोर आर्थिक ऐन बाट प्रदेश संचालन गरेका रहेछौं र त्यो प्रदेश संचालनका क्रममा वास्तवमा हामी भन्दा थुप्रै कमि कमजोरी पनि होलान् र तेलाई पूर्ति गर्नका लागि यो विधयेक आएकोछ र यसमा विशेष गरेर सुशासन पारदर्शिता अनि संरचना र आर्थिक मितव्ययतितालाई यसले पुरा गर्नु पर्ने हुन्छ। त्यसो गर्न सकियो भने नैं यो विधयेकले धेरै राम्रो काम गर्छ र यससंग जोडिएका कतिपय विधयेकहरुमा उल्लेखित कुराहरु राम्रा छन्। योजनाको वर्गिकरण, योजना बैक अनि त्यसपछि वजेटको सिद्धान्त र प्राथमिकताहरु मार्गदर्शनहरु वजेट प्रस्तावन अब स्थानीय निकायको वित्तिय तथा एकिकृत वित्तिय जस्ता कुराहरु पनि सकरात्मक पक्षहरु छन् र आगामी दिनमा यसले अझ बढि राम्रो गर्ने कुरालाई मद्धत गर्छ । यही कुराहरु भन्दै म आफ्ना भनाई यहिं टुङ्गयाउंछु हवस्त। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री हरिशरण आचार्य**

माननीय सभामुखज्यू, आउंदै गरेको २०७८ सालको सम्पूर्णमा हार्दिक शुभकामना साट्दै म आफ्नो भनाइ शुरु गर्न चाहन्छु । प्रदेशको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको बारेमा हामीले छलफल गरिराखेका छौं। यो विषय विशेष गरी वजेट निर्माण वजेटको कार्यान्वयन, पेश्की वजेट फर्छ्यौट, पेश्की वजेट दिने कुरा त्यसको व्यवस्थापन गर्ने कुरा, श्रोत निर्धारण गर्ने कुरा यी सवै कुराहरु एक आपसमा अन्तर सम्बन्धित छन् र यि भित्र केन्द्रित छन मैले अनुभव गरेको छु र त्यो संगै फेरी त्यसलाई खर्च नियन्त्रण कसरी गर्ने? त्यसको लेखाङ्कन कसरी गर्ने ? त्यसको विधि र व्यवस्थापन कसरी गर्ने यो सवै कुराहरुको विस्तृत विषयमा यो विधयेक विषय

केन्द्रित गरिएकोछ र यसमा आज हामी यो छलफलमा केन्द्रित हुंदै गर्दाखेरी यो विधयेक नै एउटा भ्रष्टाचारसंग जोडिएको विधेयक हो भनेर यसैलाई सर्वोपरि मान्ने खालको बहस शुरु भयो। सायद हाम्रो प्रदेशमा बेरुजु आउने विषयवस्तु बेरुजुको सन्दर्भमा हेर्ने हो भने गत वर्ष नेपालकै दोश्रो प्रदेशको रुपमा चिनियो। बेरुजु आउने प्रदेशको रुपमा भने हामीले अहिलेको सन्दर्भमा हेर्दाखेरी हामी त्यो बेरुजु रोक्न सक्छौं की सक्दैनौं त्यसलाई वित्तिय व्यवस्थापनलाई पारदर्शि बनाउन सक्छौं कि सक्दैनौं हाम्रो अगाडि चुनौती खडा भएको छ। आज यो विधयेकको सन्दर्भमा हेर्खाखेरी अर्थ मन्त्रालयले जुन ढङ्गले यो विधयेक पेश गरिराखेको छ मन्त्रीज्यूले आज यो विधयेकभित्र हामी भ्रष्टाचार नियन्ण गर्ने सम्बन्धमा हामी वित्तिय पारदर्शिता सम्बन्धमा हामीले हाम्रा नीति योजना कार्यक्रमहरु कसरी बनाइराखेका छौं ? आज हामी भष्टाचारको बहस गरिराखेका छौं। सबभन्दा अगाडि त्यो भ्रष्टाचार नियन्त्रण गर्ने कानून आज यो मुलुकका सबभन्दा ठुल्ठुला मान्छेहरुलाई कानूनले छेकिराखेको छ अहिले पनि भ्रष्टाचार भ्रष्टाचारीहरुलाई कारवाही गर्नका लागी । आज यो मुलुकका पूर्व प्रधानमन्त्रीहरुलाई कारवाही गर्ने कुनचाहिं कानूनले रोकिराखेको छ? हामी त्यो खोजीराखेका छैनौं । आज यो मुलुकका हामी बल्ल एउटा मुख्यमन्त्री हुनुहुन्छ । भोली अर्को मुख्यमन्त्री हुनुहोला। हामी पूर्व हुंदैहुंदै जाउंला त्यो पूर्व हुंदहुंदै जांदाखेरी त्यी मुख्यमन्त्रीहरुलाई कारवाही गर्ने खालको कानून कसले बनाउन सक्छ ? अनि त्यो भ्रष्टाचार त्यो भ्रष्टाचारमा मुछिएर घटनाक्रमहरुलाई फेरी बाहिर ल्याएर घटनाक्रमलाई बाहिर ल्याएर कानूनी कारवाही गर्ने त्यो अहिले सम्मकै कुनै पनि विधयेक बनेको छैन। आज हामी कानून त बनाई राखेका छौं यो कानूनमा सबै ठाउंमा लेखियो यति मात्र भनेको छ कि सबै तोके अनुसार हुनेछ । आखिर नेपालको कानून तोके अनुसार हुनेछ नेपालको कानून दैवले जानुन भने जस्ता यस्तै प्रकारका कानूनहरु बाहेक अरु केही छ? यो बाहेक अरु हामीले देखेको कुरा यही होइन? अनि त्यसपछाडि हामी भ्रष्टाचार नियन्त्रण कसरि गर्न सक्छौं। हामी वित्तिय पारदर्शिता कसरी गर्न सक्छौं? आज हामीले देखिराखेका छौं हामी यो पनि देखिराखेका छौं कि हामीले हाम्रा पुरानै प्रकारका सार्वजनिक खरिद ऐनहरु छन। त्यो पुरानो प्रकारको सार्वजनिक खरिद ऐनभित्र रहेर बेलामा काम गर्ने वेलामा वित्तिय प्रणाली कारोवारलाई फर्छ्यौट गर्ने पेश्की वजेटलाई फर्छ्यौट गर्ने हामीले कारोबारको विषयमा अथवा त्यसको सवै वित्तिय व्यवस्थापन गर्ने त्यलाई पूर्णता दिने खालको काम हामीले गर्न सकेका छैनौं । हामी अहिले पनि ४५ दिन ३५ दिन अरु थप अहिलेको युग यति धेरै टेक्नोलजीको जमानामा हामी ७ दिनमा सबै कुरा पूरा गर्न सक्छौं अहिलेको हामी काम गर्ने सन्दर्भमा आज हामी सरकारले त्यो कुरामा किन खोजी गर्दैन ? सार्वजनिक खरिद ऐनकै सन्दर्भमा हेर्ने हो भने त्यस्तो प्रकारको देखिन्छ। अनि अहिले

पेश्की वजेटको हामी दिने कुरा २५ परसेन्ट २० परसेन्ट हामी त्यसको चाहिं मोविलाईजेशसन चार्ज दिने कुरा गरिराखेका छौं। यी सवै कुराहरु हेर्दाखेरी त्यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने कुराको यसको कुनै विधि छैन। अनि हामीले यहां के भयो हिजो पंचायत कालमा जसरी यो विधेयकहरु आउंथे अथवा हिजोको जमनाको राजतन्त्रात्मक बहुदलिय व्यवस्था भित्र जस्ता प्रकारका व्यूरोक्रयाट सिस्टमहरु थिए त्यहि जस्तो प्रकारको लेखा नियन्त्रण एउटा विधि थियो । त्यहि लेखाङ्कन विधिको आधारमा अहिले पनि फेरी यहि प्रकारको त्यसैको निरन्तरतमा यो विधयेक आइराखेको छ भने हामीले संघीय लोकतान्त्रिक गणतन्त्रको एउटा सन्देश कसरी दिन सक्छौं? आज त्यो सन्देश दिने सक्ने गरेर हामीले कसरी जान सक्छौं? अनि हामी नयां के आधारमा भयौं अनि हामीले राजतन्त्र फालेर गणतन्त्र ल्याएको हामीले एकात्मक व्यवस्था फालेर संघयता ल्याएको अर्थ र महत्व के रहन्छ? त्यसैले म राख्न चाहन्छु कि आगामी दिनमा यो विधेयकलाई सायद विधायन समितिमा अझ विशेष ढङ्गले अध्ययन गरिने छ र यस्ता अझ संघीय गणतान्त्रिक लोकतन्त्रको मर्म र विधि अनुसार आर्थिक पार दर्शिताको सिद्धान्तलाई टेकेर यो अझ यसलाई परिमार्जित गर्नका निमित्त म आग्रह गर्न चाहन्छु र आज हामीले यो विधयेकको बारेमा छलफल गर्दै गर्दाखेरी यो देशमा भ्रष्टाचार गर्नेहरु कति छन कति। तर त्यो भ्रष्टाचार गर्नेहरुलाई लगाम लगाउने त्यसलाई कानूनको दायरामा ल्याउने चीनमा पनि भ्रष्टाचारीहरु छन्। चीनमा पनि भ्रष्टाचारी भए भनेर आज हामी चीन चीन भ्रष्टाचारीहरुको देश भनेर भन्दिने खालको जुन खतरा बनिराखेको छ अनि नेपालमा केही मान्छेहरु भ्रष्टाचारिहरु भए आज नेपाल नेपाली सबै बास्तवमा एउटा व्यक्तिले गल्ति गर्छ अनि यो नेपाल यस्तै हो भनेर हामी उदाहरण दिने गर्छौं। हाम्रा धेरै बोलिका टोनहरुमा त्यस्ता आउंने गर्छन। एउटा मान्छेले गलत गर्छ यो नेपालको चलन हो भनेर भन्दिने चलन छ। त्यो प्रकारको हामी विकसित धेरै ठाउंहरुमा भन्दाखेरी यो नेपाल यस्तै हो । एउटाले समयको उल्लङ्घन गर्छ अनि त्यो समयको उल्लङ्घन गर्नेलाई आज यो नेपाल यस्तै हो यो नेपाल यस्तै हो चलन भन्ने खालको यस्ता खालका उदाहरणहरु हाम्रा विचमा आउने गर्छन्। त्यसैले मैले राख्न खोजेको कुरा के हो भने अहिलेको सन्दर्भमा हामी वित्तिय पारदर्शिताको विशेष ख्याल गर्ने हो भने हामीले हाम्रा सार्वजनिक खरिद ऐनलाई सच्चायाउन जरुरी छ। पेश्की फर्छयौटको विधिलाई हामीले सच्चायाउन जरुरी छ। अनि लेखाङ्कनको विधिलाई परम्परागत ढङ्गबाट भन्दा अहिलेको नयां टेक्नोलोजीको विकाससंगै त्यसको नयां विधिको व्यवस्थापन गर्न जरुरी छ।

त्यसैले आगामी दिनमा हामीले ल्याउने विधयेक, हामीले गर्ने काम हामीले गर्ने व्यवहार यी सवै कुरा राष्ट्र र जनताको वीचमा जान नैतिकताका आधारमा कुनै पनि लाज

नहुने प्रकारको बन्नु पर्यो र कहिं पनि आज हामी यहां यो विधयेकभित्र हेर्दै जांदाखेरी सबै ठाउंमा के देखिन्छ भन्दा सबैभन्दा धेरै उत्पादक धेरै उत्पादन हुने गरेर धेरै भन्दा धेरै मान्छेलाई लाभ हुने गरेर हाम्रो वजेट निर्माण हुनुपर्छ। हाम्रा कामहरु हुनुपर्छ भनेर यो विधयेकले बोलिराखेको छ। हो यो त हो। आज यसो गर्दै गर्दाखेरी हाम्रो वजेटले के हामी त्यही भोग्न पुग्छौं के जनताको हितमा त्यो वजेटका कार्यक्रमहरुले त्यहि रुपमा बोलिराखेको छ? त्यो त पहुंचका आधारमा वजेट जाने विधि अहिलेसम्म पनि अन्त्य भएको छैन। कोहि मन्त्री भए भने मन्त्रीको निर्वाचन क्षेत्र भन्दा बाहेक अन्त कहां छ? अनि कोही सांसद भयो भने त्यो सांसदले आफ्नो गाउं र आफ्नो ठाउंमा भन्दा अन्त हेर्ने चलन कहां छ? अनि आफ्नो कोही त्यो एकजना मन्त्रीको पिए भयो भने त्यो मन्त्रीको पिएको पहुंचको आधारमा उसले आफ्नो घर अनि आफ्ना वरिपरिका आफन्तहरुलाई कुनकुन जागीर लगाइदिनु पर्छ त्यहि हो वित्तिय व्यवस्थापन हाम्रो अहिलेको यहि हैन? यो चलनलाई हामीले बदल्न सक्छौं की सक्दैनौं? यो अहिलेको यो खालको विकृत खालको जुन वित्तिय व्यवस्थापन छ हाम्रो कामकाज अथवा लेखाङ्कन विधि छ यो सबैलाई परम्परागत ढङ्गबाट बदलेर नयां खालको विधिमा हामीले जति वेलासम्म बदल्न सक्दैनौं त्यतिबेला सम्म भ्रष्टाचारको विरुद्धमा लाग्न पनि गलत छ भ्रष्टाचारको समर्थन गर्न पनि गलत छ मलाई किन सांच्चै भन्नु हुन्छ भने भ्रष्टाचारको विरुद्धमा लाग्ने एकछिन लाज पचाउन लाग्ने मात्रे त हो। तर कुन रुपमा भ्रष्टाचार भैराखेको आज आएर फजुल खर्च रोकेर जान सकेका छौं? हामी मंहङ्गामंहङ्गा गाडि चढेर त्यो पनि भ्रष्टाचार हो। राज्यको हित भन्दा विपरित गर्ने कुरा त्यो पनि भ्रष्टाचार हो भन्ने कुरा हामी किन इङ्गित गर्न सक्दैनौं ? त्यसैले आज हामीले राजनीतिक रुपमा भ्रष्टाचार गर्ने कुरा नीतिगत रुपमा भ्रष्टाचार गर्ने कुरा यसको अन्त्य गर्नका लागि हामीले नयां विधिको विकास गर्न जरुरी छ । यो नयां विधि होइन परम्परागत विधिको रुपमा विधयेक आएको कुरा मैले यहांहरुको विचमा राख्दै आफ्नो भनाई टुङ्गयाउन चाहन्छु धन्यवाद । नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब म आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई छलफलमा उठेका प्रश्नहरको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ**

माननीय सभामुख महोदय, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी व्यवस्था गर्न बनेको विधयेकका सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरुले भाग लिनु भएको छ। यसका निम्ति म सबै सैद्धान्तिक छलफलमा भाग लिनु हुने सबै माननीय

सदस्यहरुलाई म धन्यवाद दिन चाहन्छु र वहांहरुले जुन सुझाव दिनु भएको छ जुन शङ्का व्यक्त गर्नु भएको छ र जुन कुराहरु यहांहरुले महत्वपूर्ण कुराहरु राख्नु भएको छ मलाई लाग्छ त्यो आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी व्यवस्था गर्न बनेको यो विधयेक यो छलफलमै रहेको छ र ती सबै कुराहरुलाई ग्रहण हुनेछ भन्ने म विश्वास यहांहरुलाई व्यक्त गर्न चाहन्छु र खास गरेर यो विधयेक हिजो आर्थिक कार्यविधि ऐनको रुपमा रहेको थियो र केही हामीले त्यसलाई अझै पारदर्शी बनाउन पर्छ अझै यसलाई अझ थप स्पष्ट पार्न पर्छ भनेर नै यो आर्थिक गतिविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि अब ऐन यो विधयेक ल्याइएको हो र यसको उद्देश्य भनेको यसले अब भ्रष्टाचार रोक्ने या भ्रष्टाचार या नरोक्ने भन्नेसंग यो सन्दर्भ यसले राख्दैन। कति भ्रष्टाचार गर्छ के गर्दा धेरै भ्रष्टाचार हुन्छ अर्थात त्यो भ्रष्टाचार गरेकोलाई के गर्ने कसो गर्ने भन्ने सम्बन्धमा भन्दा पनि अहिले सरकारको जुन संचय कोष रहेको छ सरकारको जुन कोष रहन्छ त्यो कोषलाई कसरी खर्च गर्ने खर्च गर्दाखेरी कसरी कसरी खर्च गर्नु पर्छ ? त्यसलाई कसरी पारदर्शी बनाउनु पर्छ ? पारदर्शि बनाउनदाखेरी केके मापदण्डहरु के कुरा राखियो भन्ने त्यो नीतिगत नै हो। अघि नीतिगत भ्रष्टाचारको कुरा पनि यहां उठेको छ । त्यो नीतिगत ढङ्गले त्यो के के कुरा हुनुपर्छ त पारदर्शी गर्नका निम्ति, त्यसलाई उत्तरदायि बनाउनका निम्ति त्यो संचित कोषको वजेट निर्माण गर्दाखेरी कसरी वजेट निर्माण गर्नै? त्यो लेखा परिक्षण गर्दाखेरी कसरी परिक्षण गर्ने? बेरुजु निस्किएमा त्यो बेरुजु फर्छयौट गर्ने आधारहरु के के बनाउने? अनि रकम रकमान्तर गर्दा खेरी अब केके गर्नु पर्ने कसरी गर्नु पर्ने यावत कुराहरु यो संग सम्बन्धित यावत कुराहरुको बारेमा नीतिगत हामीले यहां पोख्ने कुरा नै हो र यो विधि नै हो। यो एउटा विधि हो र त्यो विधि हामीले यहां यो ऐनमा तोकिइ सकेपछि यो विधि भन्दा बाहिरको गैसकेपछि यो के हुन सक्छ त भन्दाखेरी यो भोलि भ्रष्टाचार ठहरिन सक्छ। त्यो विधि भन्दा बाहिर गैसकेपछि त्यो बेरुजु निस्कन सक्छ। अर्थात् अनियमित भएको कुरा त्यसपछि थाहा हुन्छ र त्यसैको निम्ति यो ऐन आवश्यक परेको हो। त्यस वाहेकका धेरै भ्रष्टाचारहरुलाई रोक्न भ्रष्टाचारीलाई कार्वाही गर्ने सजाय दिने विभिन्न खालका त धेरै अन्य ऐनहरु बन्दछन। ती ऐनहरुले नै त्यसलाई गाइड गर्ने हो। मार्गदर्शन गर्ने हो।तर अहिले भनेको हामीले यो खास गरेर यो विधिको आवश्कता किन पर्यो यस भन्दा अगाडि आर्थिक कार्यविधि ऐन हामीसंग थियो भन्ने सन्दर्भमा म छोटोमा केही कुराहरु राख्न चाहन्छु।

सभामुख महोदय, नेपालको संविधानमा प्रदेशको आर्थिक कार्य प्रणाली अन्तरगत प्रदेश ऐन बमोजिम विनियोजन रकम एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य व्यवस्था प्रदेश ऐन बमोजिम हुनेछ भन्ने व्यवस्था रहे

बमोजिम हाल प्रदेशको आर्थिक गतिविधिलाई व्यवस्थित गर्न गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ प्रदेश सभाबाट पारित भै कार्यान्वयनमा रहेको छ।अहिलेसम्म हामीले कार्यान्वयन गर्दै आएको भनेको यो ऐन नै हो। संघ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा संघीय संसदबाट आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ पारित भै २०७६।६।२४ मा प्रमाणीकरण भैसकेको छ। यो एक वर्ष अगाडि नै संघमा यो पारित भएर प्रमाणिकरण भएको हामीले त्यसबेला पनि हामीले यो गएको आर्थिक वर्ष भन्दा अगाडि नै हामीले यसलाई पेश गर्ने प्रयत्न मैले त्यो प्रयत्न गरेको थिएं तर त्यो विभिन्न आन्तरिक कारणले गर्दा पछि फेरी वजेटमा बनाउनु पर्ने भएको कारणले गर्दाखेरी त्यतिबेला हामीले यो बनाउन सकेनौं र अहिले यसरी अलिकति धेरै भएपनि यो यहां आएको हो।प्रदेश सरकारले कानून बनाउने हुंदा संघीय कानूनको प्रतिकुल नहुने गरी बनाउनु पर्ने। प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसंग बाझिन नहुने र बाझिएको देखिएमा त्यस्तो कानून अमान्य र बदर घोषित हुने संवैधानिक व्यवस्था रहेको छ। संघीय संसदले आर्थिक कार्यविधि ऐन, २०५५ खारेज गरी प्रदेश आर्थिक कार्य प्रणालीलाई समेत मार्ग निर्देशन प्रदान गर्ने गरि आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ लागु गरेको अवस्थामा प्रदेशमा पनि सोहि ऐनले गरेको मार्ग निर्देशन बमोजिम प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न नयां ऐन बनाउनु पर्ने आवश्यकता रहेको छ। तसर्थ प्रदेश संचित कोष र अन्य सरकारी कोषको संचालन तथा व्यवस्थापन, वजेट तर्जुमा निकासा तथा खर्च आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखा परिक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गरी प्रदेश वित्तिय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शि, नतिजामुलक तथा उत्तरदायि बनाउन समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र प्रदेशको आर्थिक कार्यविधि नियम व्यवस्थित गर्न भनेर वान्छनीय भएको कारणले गर्दाखेरी यो विधयेक पेश गरिएको हो र यो विधयेकमा खास गरेर पहिला पनि अब आर्थिक कार्यविधि ऐन थियो र यो विधयेकमा थप के कुराहरुलाई जोड दिइएको छ स्पष्ट गरिएको छ भन्ने सन्दर्भमा म केहि संक्षिप्तमा राख्न चाहन्छु।

१ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजश्व बांडफांट रकम, आन्तरिक आय ऋण तथा अनुदान दिएको विवरण देखिने गरी एकिकृत विवरण तयार गरि प्रदेश लेखा नियन्त्रण कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा लेखि पठाउनु पर्ने व्यवस्था गरिएकोछ । यसभन्दा अघल्लो कार्यविधिमा यो थिएन। अझ स्पष्ट थिएन। अस्पष्ट भएको कारणले अझै

यसलाई स्पष्ट गर्नका निम्ति अब यो विधयेक ल्याउनु परेको हो। प्रचलित कानून बमोजिम सृजित आर्थिक दायित्व तथा विभिन्न सन्धि सम्झौता वा अदालतको निर्णय तथाआदेशबाट व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व वा राजश्वमा छुट दिन प्रतिवद्धता जनाइएको भए सो को आधारमा सृजना भएको दायित्व वापतको रकमको स्पष्ट व्यहोरा देखिने गरी अभिलेख राख्नु पर्ने व्यवस्था अहिले यसमा गरिएको छ। त्यस्तै गरी यस ऐनमा ऐन बमोजिमको योजना छनौट गर्ने मध्ययनकालिन खर्च सम्बन्धि संरचना तयार गर्ने। वजेट प्रस्ताव गर्ने। सरकारी सम्पत्तिको संरक्षण व्यवस्थापन गर्ने गराउने। वजेट समर्पण गर्ने गराउने र योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तिय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालय र मातहतका निकायको हकमा सम्बन्धित मन्त्रालयको मन्त्री तथा सचिवालय आयोग र अन्य निकायको हकमा त्यस्ता सचिवालय आयोग र अन्य निकायका प्रमुखको हुने व्यवस्था गरिएको छ। पहिलोमा अलि अस्पष्ट भएको कारणले गर्दाखेरी थप स्पष्ट पार्न पर्ने भएको कारणले गर्दाखेरी यो व्यवस्था गरिएको हो। त्यस्तै गरेर मन्त्रीबाट वित्तिय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मुख्यमन्त्रीबाट र सचिवबाट वित्तिय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रालय र मातहतका निकायको हकमा मन्त्रीबाट तथा सचिवालय आयोग र अन्य निकाएको हकमा सम्बन्धित सचिवालय आयोग र अन्य निकायका प्रमुखबाट निगरानी हुने व्यवस्था गरिएकोछ। यस व्यवस्थाबाट कार्य सम्पादनमा नियन्त्रण र सन्तुलन हुने व्यवस्था गरिएको छ। त्यस्तै गरेर आर्थिक प्रशासन संचालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख जांचबुझ तथा निरिक्षण गर्ने र मातहत कार्यालयको हिसाब केन्द्रिय हिसाबमा समावेश गराई जांच बुझ गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत सचिवको हुने व्यवस्था गरिएको छ । त्यस्तै गरी सरकारी कार्यालयमा प्राप्त हुन आएको जिम्मेवारी वा जिन्सी तोकिएको काममा बाहेक अन्य काममा प्रयोग वा खर्च गर्न नपाउने व्यवस्था गरिएको छ। कुनै कर्मचारीले अधिकार प्राप्त अधिकारीको स्वीकृति विना सरकारी सम्पत्ति प्रयोग गरेको देखिएमा जिम्मेवार व्यक्तिले त्यस्तो जिन्सि फिर्ता लिइ वा खर्च गरेको रकम असुलउपर गरी विभागिय कारवाहीको लागि विभागिय प्रमुख समक्ष लेखि पठाउनु पर्ने छ। यसबाट सरकारी सम्पत्तिको दुरुपयोग नहुने र संरक्षण हुने विश्वास लिएको छु। कर्मचारी तथा पदाधिकारीले आफुले सम्पादन गरेको काम र सो संग सम्बन्धित कारोबारको जिम्मेवारी बहन स्वयंले गर्नुपर्ने छ र त्यस्तो कामको सम्बन्धमा निज आफै जवाफदेही हुने व्यवस्था गरिएको छ। यसबाट आर्थिक प्रणालीमा काम गर्ने कर्मचारी तथा पदाधिकारीले जिम्मेवारीपूर्वक काम गर्ने भै आर्थिक अनुशासन तथा सुशासन कायम हुने विश्वास लिएको छु। रितपूर्वकको कागजात प्राप्त भएको मितिले १५ भित्र

भुक्तानी नदिने जिम्मेवार व्यक्तिलाई एक तहमाथिको अधिकारीले ५० हजार रुपियांसम्म जरिवाना गर्ने व्यवस्था गरिएको छ। यस व्यवस्थाले आर्थिक वर्षको अन्तिम महिनामा विनियोजित बजेटको उल्लेख्य प्रतिशत खर्च हुने प्रवृतिलाई निरुत्साहित गर्ने छ साथै अन्य सजायका व्यवस्थाले समयमै खर्च हुने र प्रतिवेदन हुने भै आर्थिक अनुशासन कायम हुने विश्वास लिएको छु।

प्रस्तावित विधयेक पारित भै कार्यान्वयन भए पश्चात प्रदेश वित्तिय व्यवस्थापन प्रणालीलाई व्यवस्थित, पारदर्शी, जिम्मेवार, नतिजामुलक तथा उत्तरदायी बनाउन मार्ग निर्देशन हुने मैले अपेक्षा र विश्वास लिएको छु र अन्तमा सबै माननीय सदस्यहरुलाई हार्दिक अनुरोध गर्न चाहन्छु र कुनै पनि हामी पनि यो सदन भनेको हाम्रो सार्वभौम सदन हो। सर्वोच्च सदन हो। यसमा भाग लिंदाखेरि विषय वस्तु अनुसारनै सम्बन्धित विषयवस्तुमा नै रहेर अब छलफल गर्दा त्यो उपयुक्त हुन्छ होला जस्तो लाग्छ। जस्तो अहिले पनि यो विधयेकको विषय वस्तु एकातिर छ। अब हामीले केही राजनीतिक विषय बस्तु पनि उठायौं। ठिक छ राजनीतिक विषय वस्तु त उठाउन सकिन्छ तर राजनीतिक विषय वस्तुहरु उठाउनको निम्ति हामीले एउटा केही अब एकदमै खांचो पर्ने खालको समस्यहरु हुन सक्छन्। ध्यान आकर्षण गर्नुपर्ने कुरा हुनसक्छ। त्यस्तो कुरालाई हामीले सुन्य समय दिइएको छ। सुन्य समयमा नै हामीले त्यहां उठाउन सक्छौं त्यस्ता विषय सवालहरुलाई । त्यसपछि आएर राजनीतिक मुद्दादेखि लिएर विभिन्न ध्यान आकर्षण गर्नुपर्ने त्यस्ता एकदमै जोडेर लान आवश्क हुने कसैको खण्डन मण्डनै गर्नपर्ने अवस्था छ भने पनि त्यसको निम्ति विशेष समयको व्यवस्था गरिएको छ बरु त्यसमा समय लिएरनै दलगत ढङ्गले समय लिएरनै भन्नुपर्छ भने तिनै समयमा बोल्दाखेरी उपयुक्त हुन्छ। तर अब यहां आउंदाखेरी के हुन्छ त भन्दाखेरी मान्छेलाई एउटा विषयवस्तु एउटा छ। तर यो भ्रष्टाचार संग त मिल्छ भन्दै अब सबैको कुराहरु त्यहां राजनीतिक मुद्दाहरु यहां उठाउंदा अलि कस्तो-कस्तो लाग्दो रैछ। त्यसले गर्दाखेरी त्यो व्यवस्था नभएको भए त कसरी हुन्छ आफ्नो कुरा राख्नु पर्ने हुन्छ। तर हामीसंग त्यो व्यवस्था छंदैछ त्यो व्यवस्था भएको कारणले गर्दाखेरी म माननीय सबै सदस्यज्यूहरुलाई र त्यस्तो लाग्छ भने विशेष समयमानै उठाई दिन अनुरोध गर्न चाहन्छु। हवस्त। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब यो छलफल यहीं समाप्त हुन्छ।

अव म आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई मिति २०७७ साल चैत्र २६ गते सभामा प्रस्तुत भै सामान्य छलफल समेत भएको प्रदेश आर्थिक कार्यविधि तथा

वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल चैत्र २६ गते सभामा प्रस्तुत भै मिति २०७७ साल चैत्र २७ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भै सामान्य छलफल समेत भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावलीको २०७४ को नियम १०८ को उपनियम १(ख) बमोजिम दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस।
हुन्छ।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस।
हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

विधयेकमा संशोधन गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टा भित्र आफुले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालय पेश गर्न सक्नु हुनेछ। उक्त विधयेक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउंछु।

माननीय सदस्यहरु अब यो बैठक २०७८ साल बैशाख ६ गते दिनको १.०० बजे सम्मको लागि स्थगित हुन्छ।